जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक १३, २०७९ साल भदौ ३ गते शुक्रबार, नेपाल संवत् ११४२ (Aug. 19, 2022) Website : www .greaternepal .com .np    मूल्य रु. १० ।–


## वामदेव र बाबुराम प्रचण्ड शरणमा

काठमाडौं । नेकपा माओवादी केन्द्रले वामदेव गौतम र डा. बाबुराम भट्टराईलाई माओवादीको चुनाव चिह्न 'हँसिया हथौडा' बाट निर्वाचनमा प्रतिस्पर्धा गर्न दिने स्वीकृत गरेको छ ।

पेरिसडाँडामा मंगलबार बसेको स्थायी कमिटी बैठकले आगामी निर्वाचनमा गौतम संयोजक रहेको राष्ट्रिय एकता अभियान र डा. भट्टराई नेतृत्वको नेपाल समाजवादीलाई हँसिया हथौडा चुनाव चिह्न प्रयोग गर्न दिने निर्णय गरेको प्रवक्ता कृष्णबहादुर महराले जानकारी दिए । **बाँकी ८ पेजमा**

## बालेनलाई निजी क्षेत्रको सहयोग

काठमाडौं । काठमाडौं महानगरपालिकालाई फोहोर ढुवानी गर्न पेसा तथा व्यवसाय क्षेत्रबाट सहयोग सुरु भएको छ । यस क्रममा नेपाल टि्रपर तथा ट्रक व्यवसायी समितिले पठाएका १८ वटा टि्रपर फोहोर बोकेर ल्याण्डफिल साइटतर्फ गएका छन् । समितिले उपलब्ध गराएका टि्रपरलाई महानगरले हरेक टि्रपका लागि २३ लिटर डिजेल र श्रमिकलाई एक दिनको १ हजार रुपैयाँ पारिश्रमिक उपलब्ध गराउनेछ । यता समानान्तर निर्माण सेवाले पूर्ण निःशुल्क **बाँकी ८ पेजमा**

# नागरिकता विधेयकमा नेपाली लेण्डुपहरूको बलजफ्ती

**तेजेन्द्र प्रसाईं**

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसदबाट पारित भएको विवादास्पद नागरिकता विधेयक थप छलफलका लागि भन्दै फिर्ता पठाइदिएपछि अहिले यसको पक्ष र विपक्षमा जनमत ध्रुवीकृत भइरहेको छ । नागरिकताजस्तो संवेदनशील विषयमा कानुन बनाउँदा संसदीय समितिमा घनीभूत तथा दफावार छलफल हुनुपर्थ्यो । प्रतिनिधिसभामा विधेयकमा करिब चार दर्शन सांसदले झन्डै सयको संख्यामा संशोधन प्रस्ताव दर्ता गराएका थिए, जसअनुसार पनि यसलाई संसदीय समितिमा लगेरै छलफल गर्नुपर्थ्यो ।

तत्कालीन केपी ओली नेतृत्वको सरकारले २०७५ मा संसदमा प्रस्तुत गरेको विधेयकमा राज्य व्यवस्था तथा सुशासन समितिले २२ महिना छलफल गरेर २०७७ असार ७ मा बहुमतले पारित गरेको विधेयक प्रतिवेदनमा प्रवेश नै नगरी वर्तमान गठबन्धन सरकारले उक्त विधेयक फिर्ता मात्र गराएन, नयाँ संशोधन प्रस्ताव दर्ता गराएर सोझै पारित गरेर संसदीय समितिले छलेको प्रस्ट छ । नागरिकता कानुन बनाउन ढिला भएको भन्दैमा अनुचित ढंगले प्रक्रिया छोट्याएर रातारात फास्ट ट्र्याक विधिबाट पारित गरिनु त्यसको राजनीतिक र सामाजिक वैधतामाथि प्रश्न उठ्नु स्वाभाविक छ ।

राष्ट्रपतिले १५ बुँदे सन्देशसहित सो विधेयक पुनर्विचार गर्न भनी प्रतिनिधिसभामा फिर्ता पठाएलगत्तै विधायिकाले आफ्नो मनशाय प्रकट गर्दा देश र जनताको हित र स्वार्थलाई सर्वोपरि ख्याल गर्नुपर्ने दायित्वलाई भुल्न नहुने कुरा पनि गम्भीरताका साथ बोध गराएको छ । देशको संरक्षकको भूमिकामा रहेकी राष्ट्रपतिले नागरिकता विधेयकमाथि पुनर्विचार गर्न भनेको कुरा हाँसीमजाकको कुरा हुन सक्दैन । नागरिक कसैले पनि नागरिकता नपाउने स्थिति रहनु हुन्न । लैंगिक विभेद कायम हुनुहुन्न र आमाले आफ्नो नामबाट नागरिकता दिलाउँदा अपमानबोध गर्नुपर्ने स्वघोषणाको प्रावधान राखिनुहुन्न । देशको संरक्षकले ख्याल पुर्‍याएर यो विधेयकमाथि संसदमा गहिरो गरी छलफल गरिनुपर्ने






वाक्यांशले यसले छलफलका लागि क्षितिज उघारे पनि गठबन्धन सरकार हुबहु विधेयक पुनःराष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पठाउन खोज्दैछ । विधेयकलाई संसदीय समितिमा लान अनिच्छुक देखिएको छ । फेरि विधेयकलाई जस्ताको तस्तै शितलनिवास पठाइएमा राष्ट्रपतिले प्रमाणीकरण गर्नैपर्ने सवैधानिक व्यवस्था छ ।

सात वर्षसम्म राजनीतिक दाउपेचका कारण नागरिकतासम्बन्धी संविधानबमोजिमको कानुन नबन्दा नागरिकताविहीन हुनेको संख्या ठूलो छ । नागरिकता अभावमा हजारौंले विश्वविद्यालय भर्ना हुन, राहदानी बनाउन, सवारी चालक अनुमतिपत्र लिन, बैंक खाता खोल्न, सिमकार्ड किन्न, अध्ययन र वैदेशिक रोजगारीमा जान पाएका छैनन् । तर यसो भन्दैमा नागरिकता वितरणमा अति उदार व्यवस्था पनि गरिनु हुन्न । हाम्रो देश नेपाल एक अरब ४० करोड भीमकाय जनसंख्या भएको छिमेकी मुलुक भारतसँग तीनतिरैबाट जोडिएको छ । सीमा खुला भएका कारण लाखौं भारतीयहरू नेपालमा आवतजावत गर्ने गर्छन् । भएन, भारतसँग रोटीबेटीकै सम्बन्ध छ । मधेश प्रदेशको वैवाहिक सम्बन्ध युपी र विहारसँग छ । त्यहाँबाट असंख्य चेलीहरू नेपाली बुहारी बनेका छन् । विवाह गरेर ल्याउनासाथ अंगीकृत नेपाली नागरिकता दिनाले मधेसी महिलाहरू विस्तारै अल्पमतमा पर्ने खतरा हुन्छ । नेपाली चेलीहरू भारतीय बुहारी बने पनि उनीहरूले भारतीय नागरिकता लिन सात वर्ष भारतमा लगातार बसोबास गरेको हुनुपर्छ । तब मात्र उनीहरूले भारतीय नागरिकताका लागि आवेदन दिन पाउँछन् । तर नागरिकता पाउने ग्यारेन्टी भने हुँदैन । तर नेपाली बुहारी बन्नासाथ भारतीय चेलीलाई नागरिकता प्रदान गरिनुले त्यसले भविष्यमा नेपाली राजनीति समेतलाई विद्रुप बनाउन सक्छ । सरकारले कसको इसारामा यस्तो राष्ट्रघाती विधेयक ल्याएको हो, त्यसको खोजबिन जरुरी छ ।

अंगीकृत नेपाली नागरिकताधारीहरू राजेन्द्र महतो, हृदयेश त्रिपाठी, सरिता गिरीहरू मन्त्री भइसकेका छन् । यसरी हचुवाका भरमा अंगीकृत नागरिकता दिँदै जाने हो भने भोलि मधेसमा अंगीकृतवालाहरूले राष्ट्रपति, प्रधानमन्त्री, प्रधानसेनापति, प्रहरी प्रमुख, सर्वोच्च न्यायालय प्रमुख बन्न पाउनुपर्छ भनेर अर्को आन्दोलन उठ्नेछ । भारतीय क्षेत्रीय प्रभुत्ववाद नेपाललाई फिजीकरण गर्दै सिक्किमीकरण गर्न उद्यत छ । नेपाललाई भारतीय मानचित्रमा गाभ्ने उसको मनसायबमोजिम नागरिकता विधेयक ल्याइएको देशभक्त नेपालीहरूको बुझाइ छ । माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड दिल्ली पुगेर फर्किएको भोलिपल्टै नागरिकता विधेयक संसदबाट पारित गरिनु **बाँकी ८ पेजमा**

## इस्टिम ब्राण्डको पानी पिउन अयोग्य

खाद्यका महानिर्देशक मालामाल

**प्रदीपकुमार प्रसाईं**



काठमाडौं । खाद्य अनुसन्धान विभागका महानिर्देशक र क्वालिटी कन्ट्रोल अफिसरहरूले पेय जल तथा बेभरेज उद्योगहरूमा असुलीको धन्दा चलाउँदै मापदण्ड विपरीप उत्पादनलाई स्वीकृति दिएपछि बजारमा जनस्वास्थ्यका लागि हानिकारक पेयपदार्थहरूको बिगबिगी बढेको छ ।

काठमाडौं उपत्यकाभित्र रहेको हरहरमहादेवस्थित प्रवीण यादव र रामवीर यादवद्वारा पार्टनरसिपमा सञ्चालित स्टिम पानीले मापदण्ड विपरीत पानी उत्पादन गरी बजारमा दैनिक ८–१० हजार पानी पुर्‍याइरहेका छन् । **बाँकी ८ पेजमा**

## विपन्नलाई विद्यालय पोसाक सहयोग




काठमाडौं । सुरेन्द्र ढकाल फाउन्डेसनले बानेश्वर शंखमुलस्थित बुद्धनगर आधारभूत विद्यालयका ४२ जना विपन्न बालबालिकालाई विद्यालय पोसाक र जुत्ता **बाँकी ८ पेजमा**




## बढ्दो व्यापारघाटा, आर्थिक संकटमा मुलुक

काठमाडौं । आर्थिक वर्ष २०७८/०७९ मा मुलुकको निर्यात व्यापारमा सुधार आएको भए पनि वस्तु तथा सेवाको आयात उच्च हुँदा यसको दबाब व्यापारघाटामा परेको छ । नेपाल राष्ट्र बैंकले निरन्तर घट्दै आएको विदेशी मुद्राको सञ्चितिमा सुधार ल्याउन विलासिताको वस्तुहरूको आयातमा कटौती गरे पनि यसको प्रभाव व्यापारघाटामा खासै नगन्यरुपमा मात्र देखिएको छ ।

नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७८/०७९ मा कुल वस्तु निर्यात ४१ दशमलव सात प्रतिशतले बढेर दुई खर्ब तीन करोड पुगेको छ । यसरी वस्तु निर्यात दुई खर्ब पुगेको यो पहिलो पटक हो । निर्यात बढे पनि आयात उच्च हुँदा व्यापारघाटा भने निर्यातको तुलनामा निकै माथि छ । राष्ट्र बैंकका अनुसार अघिल्लो वर्ष यस्तो निर्यात ४४




दशमलव चार प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः ४९ दशमलव नौ प्रतिशत र ३० दशमलव चार प्रतिशतले बढेको भए पनि चीनतर्फको निर्यात २० दशमलव चार प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ । वस्तुगत आधारमा पाम तेल, ऊनी गलैंचा, धागो (पोलिष्टर तथा अन्य), जिंक शिट, जुसलगायतका वस्तुको निर्यात बढेको भए पनि सोयाबिन तेल, अलैंची, चिया, औषधि (आयुर्वेदिक), तारलगायतका वस्तुको निर्यात प्रतिवेदनमा उल्लेख छ ।

राष्ट्र बैंकका अनुसार आव २०७८/०७९ कुल वस्तु आयात २४ दशमलव सात प्रतिशतले वृद्धि भई १९ खर्ब २० अर्ब ४५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आयात २८ दशमलव सात प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः २३ दशमलव पाँच प्रतिशत, १३ दशमलव दुई प्रतिशत र ३६ दशमलव तीन प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, औषधि, कच्चा पाम तेल, स्पञ्ज आइरन, सुनलगायतका वस्तुको आयात बढेको भए पनि एमएस बिलेट, सिमेन्ट, धान तथा चामल, दाल, मेडिकल उपकरणलगायतका वस्तुको आयात प्रतिवेदनमा उल्लेख छ । निर्याततर्फ कञ्चनपुर भन्सार कार्यालयबाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात भने आव २०७८/०७९ मा बढेको छ । यसैगरी आयाततर्फ पनि सम्पूर्ण प्रमुख नाकाबाट भएको **बाँकी ८ पेजमा**

## निगमले इन्धनको मूल्य नघटाउने

काठमाडौं । इन्डियन आयल कर्पोरेसन (आईओसी) ले पेट्रोलियम पदार्थको मूल्य लगातार घटाएर पठाए पनि नेपाल आयल निगमले खुद्रा बिक्री मूल्य यथावत् राखेको छ । आईओसीले जुलाई १६, अगस्ट १ र अगस्ट १६ मा गरी पेट्रोलमा प्रतिलिटर ३४ रुपैयाँ ५ पैसा र डिजेलमा ३३ रुपैयाँ ८५ पैसा घटाइसक्दा पनि **बाँकी ८ पेजमा**

### सन २०१२ मै यस्तो भनेको रहेछ

काठमाडौं । सन २०१२ मा नै विश्वले २ अरब टन कोइला बाल्ने गर्दो रहेछ । जसले ७ अरव टन कार्वन वातावरणमा छोड्दो रहेछ । जसले पृथ्वीको तापक्रमलाई बढाउँदै लगेर पृथ्वीको वातावरणलाई नराम्रो असर पार्नेछ भनेर त्यतिखेरै भविष्यवाणी भएको रहेछ । तर मानवजातिले यति पेचिलो मुद्दालाई वास्ता नगरेको कारण पृथ्वीमा वातावरणीय विनाश जारी रहेको छ ।

जुन बेला मोटरगाडी त्यति थिएनन्, त्यसबेला त **बाँकी ८ पेजमा**

## ढकाल फाउन्डेसनद्वारा नगद पुरस्कार प्रदान




काठमाडौं । नेपालमा पहिलोपटक 'क्यारम च्याम्पियन' सम्पन्न भएको छ । काठमाडौंमा भएको प्रतियोगितामा झापाका अशोक तामाङ प्रथम भएका छन् । उनले नगद ५० हजार हात पारेका छन् । प्रतियोगितामा दोस्रो झापाकै विशेष ढकाल, तेस्रो काभ्रेका करण मगर र सान्त्वना ललितपुरका कविन सुनुवाल भएका छन् । बिजेताहरूलाई सुरेन्द्र ढकाल फाउन्डेसनका अध्यक्ष सुरेन्द्र ढकालले अन्तर्राष्ट्रिय क्यारम फेडेरेसनका महासचिव भिभेक देस नारानको उपस्थितिमा नगद पुरस्कार वितरण गरे । **बाँकी ८ पेजमा**

## 'नेपालको जलस्रोत' लोकार्पण




काठमाडौं । पूर्व जलस्रोत सचिव डा. द्वारिकानाथ ढुंगेलले लेख्नुभएको चक्रब्यूह नेपालको जलस्रोत नामक पुस्तक लोकार्पण **बाँकी ८ पेजमा**

## पद्मोदयलाई इबोर्ड



काठमाडौं । सुरेन्द्र ढकाल फाउन्डेसनले पुतलीसडकस्थित पद्मोदय माध्यामिक विद्यालयलाई शैक्षिक सामग्री इबोर्ड हस्तान्तरण गरेको छ । सामुदायिक **बाँकी ८ पेजमा**

# तराईमा भारतको सर्वपक्षीय अतिक्रमण

**समय सन्दर्भ**

**साध्यबहादुर भण्डारी**

हाम्रो राष्ट्रियतामाथि गम्भीर खतरा आइरहेको छ । राष्ट्र विखण्डनको दिशातर्फ उन्मुख भइरहेको छ । नेपाली जनताले एक चरणको आन्दोलन पार गरे पनि थकाइ मार्ने, विश्राम लिने बेला छैन । राजतन्त्रको अन्त्य भए पनि सामन्दवादको अन्त्य हुन बाँकी नै छ । सम्पूर्ण सामन्ती संरचना ध्वस्त गरी क्रान्तिकारी परिवर्तन गरेपछि मात्र सामन्तवादको अन्त्य हुन्छ । सामन्तवाद, नोकरशाही पुँजीवाद र भारतीय विस्तारवादसँग नेपाली जनताको आधारभूत अन्तर्विरोध रहेको छ । आन्दोलनको गतिले त्यसमध्ये कुनै एकसँग प्रधान अन्तर्विरोध रहन्छ । गम्भीर चुनौतीका रूपमा अगाडि आइसकेको राष्ट्रियताको खतरा र त्यसको कारकतत्व भारतीय विस्तारवाद भएकाले अहिलेको अवस्थामा अन्तर्विरोध चुलिएको शक्ति भारतीय विस्तारवाद नै हो । जसले नेपालको भौगोलिक अखण्डता विखण्डित गराउन वा सिंगै भारतमा विलय गराउन चाहन्छ, त्यो सिक्किमीकरण, भूटानीकरण, फिजीकरण अथवा खण्डिकरण गरेर नै किन नहोस् । भारतले नेपालको सार्वभौमिकता, क्षेत्रीय अखण्डता, स्वाधीनतामाथि नै गम्भीर आँच पुर्‍याउँदै आएकाले भारतीय विस्तारवादका विरुद्ध अर्को सशक्ति र निर्णायक आन्दोलन गर्नैपर्ने अवस्था सिर्जना भएको छ ।

भारतीय विस्तारवादका नंग्राले अहिले सबैभन्दा बढी तराईभूमिलाई लुछिरहेको छ । भारतको हेपाहा प्रवृत्तिको पराकाष्ठा सप्तकोशी नदीमा छताछुल्ल भएको छ । ५० हजारभन्दा बढी जनता सप्तकोशीको बाँध फुटेर घरबारविहीन भएका छन् । मृत्यु हुने, बेपत्ता हुनेको लेखाजोखा छैन । अर्बौंको सम्पत्तिमाथि नदीको भंगालो कुर्लेको छ । यो त अहिले झलझली देखेको र मिडियाहरूमा तातो समाचार बनेको विषय भयो । नेपालमाथि भारतले कसरी चौतर्फी रूपमा आक्रमण गरिरहेको छ र त्यसमा पनि तराई भूमिमाथि भारतले बढाउँदै लगेको सर्वपक्षीय अतिक्रमणबारे चर्चा गर्न अहिले सान्दर्भिक हुनेछ । तराईमा मूलतः ६ क्षेत्रबाट भारतले बहुआयामिक आक्रमण गरिरहेको छ ।

**पहिलो, सीमा अतिक्रमण**

२०५४ सालको तथ्यांकमा १२ लाख रोपनी जमिन सिमाना अतिक्रमण भएको देखिन्छ । (सुस्ताको ४५ हजार बिगाहा, कञ्चनपुर क्षेत्रको लाखौं रोपनीबाहेक) कालापानी क्षेत्र, बर्दियाको सुरजपुर चौघुर्ची क्षेत्र, मानपुर टपरा क्षेत्र, नवलपरासीको सुस्ता, पर्साको इनरुवा क्षेत्रहरू, पूर्वको तिलाठी, वीरपुर, सखडा भीमनगर, कुटकी, कटैया, शिवनगर, झापाको महेशपुर, पाथामाडी क्षेत्र, मेची क्षेत्र, पान्थापाडा क्षेत्र, सन्धकपुर मानेभञ्ज्याङ क्षेत्र, सिहलिला क्षेत्र, पूर्वको चिवा भञ्ज्याङ, टिम्बा पोखरीसम्म आदि सबैलाई हिसाब गर्दा २० औं लाख रोपनी जमिन भारतीयकरण भएको छ । सीमा अतिक्रमण गर्नुको मूल कारण नेपाललाई सिक्किमीकरण, भुटानीकरण गर्ने योजनाको एउटा प्रमुख अंगको रूपमा आएको छ । सीमा अतिक्रमण पञ्चायतकालमा धेरै गरेको थियो । सुस्ताको ४५ हजार बिगाहा जमिन पञ्चायतकालमा नै सीमा सारेर भारतलाई सुम्पिएको थियो । २०१८।१९ सालमा भीमनगर क्षेत्रको कोशी ब्यारेज वरपरका ९६ हजार रोपनी जमिन दिइयो ।

**दोस्रो, सैनिक घेराबन्दी**

२०५८ सालदेखि नेपालको सिमानामा **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# फोहोरमा राजनीति नगर

काठमाडौं महानगरका प्रमुख बालेन साहले सत्तारूढ दलका नेताहरूकै कारण काठमाडौंको फोहोर उठाउन कठिनाइ भएको कुरा सार्वजनिक गरेका छन् । सत्तारूढ दल कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीका नेताहरूले असहयोग गरेकाले फोहोर फाल्ने काम सहज नभएको मेयर साहको भनाइले काठमाडौंबासीलाई आक्रोशित बनाएको छ । उनले आक्रोश व्यक्त गर्दै 'राज्य संयन्त्र निरीह बनेको आरोप लगाउँदै फेसबुकवालमा स्टाटस लेख्दै 'फोहोर व्यवस्थापनमा सिंगो राज्य संरचना निरीह बनेको' टिप्पणी गरेका छन् । बञ्चरे डाँडामा ५ अर्बभन्दा बढी लगानी गरिसकेको र दुई दशकदेखि योजना बनाएको अवस्थामा समेत फोहोर लैजान 'माथापच्ची' गर्नु परेकोमा उनले असन्तुष्टि र आक्रोश पोखेका छन् ।

देशको राजधानी फोहोरको डुंगुरले भरिँदा समेत प्रधानमन्त्री शेरबहादुर देउवा मूकदर्शक र गैरजिम्मेवार देखिएका छन् । उनले फोहोर व्यवस्थापनका लागि विशेष छलफल र बैठक बसाल्न चासो दिएका छैनन् । न त मन्त्रिपरिषद् बैठकमा नै फोहोर व्यवस्थापन गर्ने विषयमा कुनै गम्भीर छलफल गर्न आवश्यक देखेका छन् । राजधानी फोहोरले कुरूप बनेको छ । फोहोर गन्हाएर हैजा बढ्ने खतरा देखिएको छ । तर सहरी विकास मन्त्री मेटमणि चौधरीलाई कुनै वास्ता छैन । उनी जिल्ला दौडाहामा नै व्यस्त छन् । फोहोर उठाउने बारेमा उनले कुनै योजना बनाएका छैनन् । सहरी विकासमन्त्री भएका नाताले फोहोर व्यवस्थापनमा उनको अग्रणी भूमिका हुनुपर्ने हो । तर उनी चुपचाप छन् । सरकारको प्रशासनिक संयन्त्र समेत आवश्यकताअनुसार फोहोर व्यवस्थापनमा परिचालन गर्नुपर्नेमा मुख्य सचिव शंकरदास वैरागी समेत हात बाँधी रमिता हेरेर बसेका छन् । उनले यो विषयलाई अहिलेसम्म मन्त्रिपरिषद्मा समेत गम्भीरतापूर्वक प्रवेश गराउन रूचि देखाएका छैनन् । लाग्छ फोहोर व्यवस्थापनको जिम्मा मेयर साहको मात्रै हो । महानगरपालिकाका वडाध्यक्ष र सदस्यहरू समेत गैरजिम्मेवार देखिएका छन् । सबै दोष मेयरको टाउकामा थुपारेर उनलाई असहयोग गरी असफल बनाउने चालबाजी गरिरहेका छन् ।

दलहरूबाट वाक्क दिक्क भएरै राजधानीबासीले स्वतन्त्र उम्मेदवार मधेसी मूलका काठमाडौंबासी बालेन साहलाई मेयरमा जिताएका हुन् । लौरो लिएर साहलाई दलहरूलाई ठेगान लगाउन जनादेश दिएका हुन् । मेयर साहले जनअपेक्षा अनुसार बटर फ्लाई शैलीमा काम गरिरहेका छन् । दलहरू साहलाई काममा अवरोध गरेर 'स्वतन्त्रले केही पनि नाप्न सक्दैनन्' भन्ने देखाउन खोजिरहेका छन् । सार्वजनिक सरोकारको विषय फोहोरमा समेत फोहोरी राजनीति गर्नुले दलहरूको असलियत जनतासामु उदांगिएको छ । हो अहिले कुनै दलको मेयर भएको भए त्यो दल फोहोर व्यवस्थापनमा गैरजिम्मेवार भएको देखिन्थ्यो । दलका विरूद्ध नाराबाजी सायद हुन्थ्यो । तर बालेन स्वतन्त्र मेयर हुन् । उनलाई काठमाडौंबासीले दलहरूको विकल्पका रूपमा रोजेका हुन् । बालेनले पनि जनअपेक्षाअनुसार काम गरिरहेका छन् तर उनलाई कामै गर्न नदिने दलीय हर्कतले राजधानीबासीलाई विस्मयकित बनाइरहेको छ । दलहरूको यही रवैया रहेमा प्रदेश र संघीय निर्वाचनमा जनताको रोजाइमा फेरि पनि स्वतन्त्र उम्मेदवार नै सायद हुनेछन् ।

# के अमेरिका आतंककारी देश हो ?




**सुरेन्द्र ढकाल**

दोस्रो विश्व युद्धताका यही अगस्ट महिनामा जापानको नागासाकी र हिरोसिमामा एटमबम खसाली ४ लाखभन्दा बढी निर्दोष जापानीको हत्या गरी सुपर पावर बन्न पुगेको अमेरिकाले आफ्नो सैन्यबलको अग्रता कायम गर्न युरोप अमेरिका क्षेत्रमा उत्तर एटालिन्टक सन्धि संगठन (North Atlantic Treaty Organization NATO) र एसियाली क्षेत्रमा दक्षिण पूर्व एसियाली सन्धि संगठन (South East Asia Traty Organization SEATO) र खाडी क्षेत्रमा केन्द्रीय सन्धि संगठन (Central Treaty Organization CENTO) बनाई विश्वमा आफ्नो सैनिक प्रभुत्व कायम गर्न खोजेको थियो । त्यसलाई चुनौति दिँदै द्वितीय विश्वयुद्धमा जर्मनीलाई हराइ सुपरपावर बन्न पुगेको अर्को सुपरपावर सोभियत संघले पूर्वी युरोपका आफू सम्बद्ध राष्ट्रहरूलाई मिलाइ वार्सा सैनिक संगठन (Warsaw Pact) बनाएको थियो । कोरिया युद्ध र भियतनाम युद्धमा चीनसँग भएको अमेरिकी हार र इरानमा शाहको पतनसँगै SEATO र CENTO कालान्तरमा बन्द हुन पुगे तापनि नेटो र वार्साप्याक्ट कायमै थिए र यिनीहरूले विश्व सैनिक सन्तुलन मिलाइरहेका थिए । यद्यपि अमेरिका र सोभियत संघबीच शीतयुद्ध कायमै थियो र विश्व राजनीतिमा त्यसले यदाकदा तरंग पैदा गर्ने नै गर्थ्यौं । यी दुवै महाशक्तितर्फ नलागी छुट्टै पहिचान असंलग्न राष्ट्रहरूले बनाएको हुँदा त्रिपक्षीय विश्व शक्ति सन्तुलनले राम्रै काम गरिरहेको र विश्व शान्ति त्यतिको भडकिएको थिएन । तर सन १९९० मा सोभियत संघ र पूर्वी युरोपेली समाजवादको पतन भएपछि वार्साप्याक्ट बन्द हुन पुग्यो । अमेरिका शान्तिकामी हुन्थ्यो भने यसले पनि आफ्नो नेतृत्वमा रहेको नेटो त्यतिखेरै बन्द गर्नुपर्ने थियो । तर त्यसो नगरी नेटोलाई पूर्वी युरोपेली राष्ट्रहरूतर्फ तन्काउन खोज्दा विश्व शान्ति बिथोलिन पुग्यो । रुस युक्रेन युद्ध त्यसैको परिणति हो ।

सोभियत संघको पतनसँगै अमेरिकी सैनिक घमण्ड एक्कासी बढ्न थाल्यो । त्यसले इराक, लिविया, सिरिया, अफगानीस्तानमा सैनिक हस्तक्षेप गर्न थाल्यो र विश्वमा युद्ध भड्किन गयो । यद्यपि उक्त सबै राष्ट्रहरू तहसनहस भएपछि अमेरिका हिजो कोरिया र भियतनाम युद्धमा चीनसँग परास्त भई लुते कुकुरजस्तै त्यहाँबाट पनि आफ्नो सैनिक फिर्ता बोलाउन बाध्य भयो । युक्रेनलाई रुस विरुद्ध उचाल्दा युक्रेन ध्वस्त भई यसको समृद्धि अर्को १०० वर्ष पछाडि धकेलिएको छ भने ५० औं लाख युक्रेनीहरू छिमेकी राष्ट्रहरूमा शरणार्थी बन्न पुगेका छन् । यो कसको कारण भयो भन्दा अमेरिकी हस्तक्षेपकारी नीतिको कारण भएको हो कि होइन ?











गत हप्ताको बुधबार ताइवानको भ्रमण गरी अमेरिकी सभामुख नान्सीले ताइवानलाई चीन विरुद्ध भड्काउन सफल त भइन तर चीन ताइवानबीचको समुद्री गल्छी (Strait) तनावपूर्ण भई त्यहाँ युद्धको स्थिति सिर्जना भएको छ । यसको दोष अमेरिकाबाहेक अरु कसैलाई दिन मिल्छ ? मिल्दैन । अमेरिका सक्छ भने चीनको संयुक्त राष्ट्र संघको सदस्यता खारेज गरी ताइवानलाई त्यस रिक्त स्थानमा सदस्यता दिलाओस् न । मुखले एकचीन नीति भन्ने अनि व्यवहारले चीनको अभिन्न अंग रहेको ताइवान, हङकङ, मकाउ, तिब्बत र सिन्ज्याङका जनतालाई चीन सरकार विरुद्ध उचाल्ने ? हो, युद्ध भड्किँदा अमेरिकी हतियार बिक्री हुन्छ, विश्वकै सबैभन्दा ठूलो रहेको अमेरिकी व्यापारघाटा कम हुन्छ । तर त्यसको कारण कति निर्दोष जनताको हविगत हुन्छ, कति घरवारविहिन हुन्छन् भन्ने हेक्का अमेरिका किन राख्दैन ? युक्रेनी, ताइवानी जनतालाई जस्तै नेपाली जनतालाई पनि कहिले डेमोक्राटिक एलायन्स, कहिले आइपिएस र एमसीसी अनि कहिले एसपिपि भन्दै किन अमेरिका चीनविरुद्ध उचाल्न चाहन्छ ? किन नेपाली जनतालाई शान्तिसँग बस्न दिँदैन ? किन नेपालमा तिब्बती शरणार्थीलाई स्थायी रुपले राख्न चाहन्छ ? भुटानी शरणार्थीलाई जस्तै आफ्नै देशमा र आफूले भनेको मान्ने देश क्यानडा लगे हुँदैन ? किन विश्वशान्ति भड्काउन चाहन्छ अमेरिका ? के अमेरिका आतंककारी देश हो ?

# बालबालिकाका लागि किन यातना शिविर बन्दैछन विद्यालयहरू ?



**गोविन्द विक**

बालबालिका सम्बन्धी बनेको नेपालको कुनैपनि ऐन, कानुन, कार्यविधि, निर्देशिका नियमावली कही कतै पनि बालबालिकाहरूलाई दन्ड सजाय यतना दिने व्यवस्था गरेको छैन । सबै बालबालिकाहरूलाई बालमैत्री वातावरणमा विद्यालयमा शिक्षा दिनुपर्ने र बालबालिकालाई हुर्काइको क्रममा पनि अभिभावकले बालमैत्री वातावरण दिनुपर्ने ऐन कानुनमा व्यवस्था गरिएको छ । बालबालिका सम्बन्धी बनेका ऐन कानुनलाई नै चुनौति दिनेगरी पछिल्लो समयमा बालबालिकामाथी वयष्कहरूको व्यापक दमन बढिरहेको छ । यसरी बालबालिकामाथी हुने गरेका यातनापूर्ण व्यवहारलाई सम्बन्धित निकायले जहिलै बेवास्ता गरिरहेको छ । ललितपुरस्थित लिटिलस्टार इङलिसका प्रिन्सीपलले बालकलाई मरणसन्न हुनेगरी पिटेको घटना बाहिरियो ।

यसैगरी म्याग्दीस्थित बेनीबजारको प्रकाश माध्यामिक विद्यालयमा पनि कक्षा १० मा अध्ययन गर्ने बालकले मरणसन्न हुनेगरी पिटाइ खाए । झापाको विर्तामोड नगरपालिकास्थित सुनगाभा इङलिस बोर्डिङ स्कूलका एक विद्यार्थीले गृहकार्य नगरेको निहुमा मरणसन्न हुनेगरी पिटाइ खाए । ललितपुरस्थित युनाइटेड एकेडेमीका केही विद्यार्थीहरूलाई अनुशासनका नाममा यातना दिन काम गरियो । पोखरास्थित एक संस्थागत विद्यालयका संस्थापक प्रिन्सीपलले विद्यार्थीले उपद्रो गरेको निहुमा निलडाम हुनेगरी पिटे । उक्त शिक्षकको नाम लिने वित्तिकै ती पिटाइखाने विद्यार्थी तरसिने गरेको गुनासो लिएर अभिभावक प्रहरी कार्यालयदेखि विद्यालय प्रशासनको ढोका ढकढकयाउन पुगेपनि सम्बन्धित निकायले बेवास्ता गरिरहयो । बालबालिकाहरूले घरमा अभिभावकबाट र विद्यालयमा शिक्षकबाट निरन्तर रुपमा पिटाइ खाइरहेका छन ।

बालबालिकाहरूको विविधतापूर्ण व्यवहारलाई स्वीकार गर्नु नसक्ने अभिभावक तथा शिक्षकहरूबाट बालबालिकाहरूले भोग्दै आएको यातनापूर्ण व्यवहारमा सरोकार राख्ने निकाय नै बेखबर बन्नु निकै दुखद विषय बन्दैछ । बालसंरक्षणका लागि चर्का नारा लगाउनेहरू पनि बालबालिकाहरूले भोगेको यातनामा मौन हुदैछन । बालबालिकाहरूको भावनाहरूलाई बुझेर पनि बेवास्ता गर्ने वयष्कहरूको जमात समाजमा निकै ठूलो भएको छ । बालबालिकाहरूलाई पिटेर यातना दिएर ठिक पार्नुपर्छ भन्ने मानसिकता बोकेकाहरूको जमात समाजमा रहुन्जेल बालबालिकाहरूले यातना भोगिरहेको पक्का नै छ । केही देखिने घटनाबाहेक बालबालिकाहरूले पलपलमा अभिभावकहरूबाट पिटाइ खाइनै रहेको पाइन्छ । बालबालिकाहरूले कती यातना भोगेका छन भन्ने सरकारी तवरमा तथ्याङ पाउन निकै मुस्कील छ । युनिसेफ नेपालले आफ्नो वेबसाइटमा प्रकाशन गरेको अवस्थालाई हेर्ने हो भने नेपालमा १ देखि १४ वर्षसम्मका ८० प्रतिशत भन्दा धेरै बालबालिकाले अनुशासनका नाममा आफ्ना अभिभावक तथा शिक्षकबाट कुनै न कुनै हिंसाबाट प्रभावित भएको देखिन्छ । ७० प्रतिशत बालबालिकालाई मनोबैज्ञानिक आक्रोस पोखिने गरेको छ भने आधा भन्दा धेरै बालबालिकालाई भौतिक सजाय दिने गरिएको छ । जस मध्ये १४ प्रतिशत बालबालिकाहरूले कडा किसिमको भौतिक सजाय पाउने गरेको तथ्याङकले बताउछ ।

बालबालिकाहरू स्वभावैले जिज्ञासु हुन्छन चकचके हुन्छन सबै बालबालिकाहरूको बानी र व्यवहार फरकफरक हुन्छ । उनीहरूका लागि हरेक कुरा नयाँ र अनौठा हुन सक्छन बालबालिकाहरूको कतीपय स्वभाव र बानीहरू अभिभावक निरपेक्ष हुन्छन भन्ने कुरा सबै अभिभावक तथा शिक्षकहरूले कहिले मनन गर्ने ?कतिपय बालबालिकाहरूको हुकाईमा परिवारले निर्माण गर्ने वातावरणमा निर्भर हुन्छ भने कतीपय बालबालिका परिवारको वातावरण भन्दा पृथक तरिकाले पनि हुर्किनेगरेको पाइन्छ । यो सबै बालबालिकामा हुने पृथक व्यवहार र विविधतायुक्त बानीलाई नजिकबाट नियाल्नका लागि अभिभावक तथा शिक्षकरु चुकिरहेको अहिलेका घटनाक्रमले देखाइरहेको छ । बालबालिकाहरूलाई मायाममतासहित सबै तवरबाट सुरक्षाको प्रत्याभूत गराउने उनीहरूका कुरालाई ध्यान दिएर सुन्ने र राम्रो नराम्रो छुटयाइदिनेसाथै उनीहरूको भवना र विचारलाई सम्मानस्थान दिने बानीको विकास प्रत्येक परिवारबाट सुरु गर्नुपर्दछ भन्ने कुराको ख्याल कहिले गर्ने ?आफ्ना बालबालिकाहरूलाई भविष्यको सारथी मान्ने बुढेसकालको सहयोगी ठान्ने र आजका बालबालिका भोलिका देश विकासका धरोहर भन्नेहरूले बालबालिकाहरूको हुकाईमा बालमैत्री वातावरण दिनुपर्छ भन्ने चाही किन विर्सिएको ? विद्यालय शिक्षाको मन्दिर हो जहा बालबालिकाहरूले बालबालिकासापेक्ष वातावरणमा निर्धक्क शिक्षा हासिल गर्न पाउनु पर्दछ । त्यसैले बालबालिकाहरूलाई अनुशासनको नाउमा यातना दिनु अमानवीयताको परकाष्ठ नै हो । संविधानको धारा ३९ मा बालबालिकाको हकको व्यवस्था गरिएको छ ।

धारा ३९ को उपधारा ७ मा भनिएको छ कुनै पनि बालबालिकालाई घर विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन । त्यसैगरी बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६६ को उपदफा २ (घ) र (ङ) मा बालबालिकालाई घर विद्यालय वा जुनसुकै स्थानमा शारीरिक मानसिक कुनैपनि किसिमको दन्ड सजाय दिन अमर्यादित व्यवहार गर्न आतंकित पार्न धम्कयाउन तिरस्कार गर्न भेदभाव गर्न घृणा गर्न नपाइने व्यवस्था प्रष्ट छ । बालबालिकासम्बन्धी कसुर गर्नेलाई ५० हजार देखि ७५ हजारसम्म जरिवाना र एकदेखि तीन वर्षसम्म कैद हुने कानुनी व्यवस्था कार्यान्वयनमै रहेको छ । यसरी कानुनी रुपमा बालबालिकाहरूमाथी हुने कुनैपनि दन्ड सजाय वर्जित हुदाहुदै बालबालिकाहरूले वयष्कबाट यातनापूर्ण व्यवहार भोग्नु गम्भीर चुनौति देखिदैछ ।

निजी विद्यालयको छाता संघगठन प्याप्सनलाई बोलाएर निजी विद्यालयलाई बालबालिकाको यातना दिने थलो बनाउन बन्द गर्नु भने राज्यका जिम्मेवार निकायले किन नभन्ने ?सबै सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूलाई बोलाएर विद्यालयमा कुनैपनि बालबालिकाहरूले यातना कुटाइ खानु हुन्न भनेर सरोकार राख्ने राज्यका जिम्मेवार निकायले निर्देशन किन नदिने ?बालबालिकाहरूलाई कुनै पनि अभिभावकले अनुशासनका नाममा पिटन नपाइने यदि कुनै बालबालिकाहरूलाई अभिभावकले पिटेको अवस्थामा कानुनी सजायको भागीदार हुनुपर्ने कुराको व्यापक रुपमा राज्यले प्रचार प्रशार किन नगर्ने ?कानुनी शासनको प्रत्याभूत गराउने जिम्मेवारी निकाय राज्य हो की हैन ?के बालबालिकासम्बन्धी कानुन कागजका खोष्टा मात्र हुन ?बालबालिकाहरूलाई पिटनु पर्छ यातना दिएर अनुशासनमा ल्याउन सकिन्छ बालबालिकाहरूलाई पिटेको अवस्थामा आफू अनुकूल हुन्छ भन्ने कुरा नेपालको कुन कानुनमा व्यवस्था छ ?वर्तमान अभ्यासलाई हेर्ने हो भने पनि पिटेर भन्दा नपिटी नै बालबालिकाहरूलाई सही मार्ग निर्देश गर्न सिकिने उदाहरण छरपष्ट छन ।

बालबालिकाहरूलाई कुनै शारीरिक यातना बिना नै सही ठाउमा ल्याउन सकिने बालमनो विज्ञहरूको दावी छ । बालबालिकाहरूलाई पिटदा यातना दिदा उनीहरूको मानसपटलमा नकारात्मक असर गर्ने र विद्रोही भावना जागृत हुने कुरा विभिन्न अध्ययनहरूबाट आएको छ । बालबालिकाहरूले भनेका सबै ठिक हुन्छन उनीहरूले चाहेको सबै पूरा गर्नुपर्छ भन्ने हैन तर उनीहरूले लिएको गलत व्यवहारलाई सम्झाएर बुझाएर उदारहणबाट अनेक जुक्ती लाएर कुनै यातना नै नदिइ सही मार्गमा ल्याउन सकिन्छ भन्ने कुरा बालव्यवहार विज्ञहरूको छ । गृहकार्य नगर्दा विद्यार्थीलाई मरणसन्न हुनेगरी पिटनेले के कती कारणले गृहकार्य गर्न सकेन भन्ने विषयको खोजी कहिलै हुदैन । आफूले भनेजस्तो आफ्ना बालबालिकाहरूले गरेनन भनेर पिटने अभिभावकले के कती कारणले मेरो बालबालिका आफूले चाहेजस्तो भएको छैन भन्ने कुराको खोजीमा कहिलै लाग्दैनन । यही र यिनै गैरजिम्मेवारपूर्ण व्यवहारको पासोमा परेर तमामा बालबालिकाहरूले यातनाजन्य व्यवाहार भोगिरहेका छन । बालबालिका भोलीको समृद्धिको सम्वाहन भनेर बुझ्ने कोसिस गर्नु सबैको दायित्व हो । हामीलाई अरुकसैले ठूलो स्वरमा बोल्दा कसैले पिटदा जति चित्त दुख्न हामी अविचलित हुन्छौ कयौ दिनसम्म रिसमा डुबेर बस्छौ भने हामीले बालबालिकाहरूलाई पिटदा यातना दिदा पनि उनीहरूको मानस पटलमा त्यस्तै असर गर्छ भन्ने कुराको ख्याल हुन जरुरी छ ।

# मैले देखेको २१६ औं विश्व पर्यटकीय स्थल

# नाइल नदीमा सन्ध्याकालीन नौका विहार


सुरेन्द्र ढकाल



बेली डान्स उत्तेजक अवस्थामा पुग्दाको क्षण



बेली डान्स (भुँडी नाच) मा रमाउँदै पर्यटकहरू



क्रुजको झ्यालबाट देखिने कायरो सहर




आन्द्रेआ नामक क्रुजको अगाडि मित्र मनिष



डिनरपश्चात होटल फर्कने क्रममा सुरेन्द्र मित्र मनिषका साथ

मार्च २९ का दिन काइतबे किल्ला अवलोकन गरेपश्चात् हामी त्यसै दिन कायरौ फर्क्यौं ।

भोलिपल्ट ३० तारिखका दिन स्वेज क्यानेल अवलोकन गर्न गएको कुरा विश्व आश्चर्य खण्डमा उल्लेख गरिसके । मार्च ३१ तारिख २०१७ का दिन दिनभर कायरो बजार घुमी गिफ्ट तथा क्लेओपाट्रा अत्तर किन्ने काम गरियो । त्यसै दिन बेलुका हामीलाई नाइल नदीमाथि नौका विहार **(Cruise Safari)** मा भुडी नाच **(Belly Dance)** अवलोकनसहित रात्रिभोज गर्न लगियो ।

**नाइल नदीमाथि नौका विहार**

नाइल नदीमाथि पार्किङ गरिराखेको आन्द्रेआ नामक क्रुजमा हाम्रो लागि एउटा टेवल रिजर्भ गरिएको रहेछ । त्यहाँ गएर हामी बसेपछि हाम्रो दुई घण्टे रात्रिभोज सुरु भयो । रात्रिभोज सुरु हुनासाथ मन्दगतिले क्रुज अगाडि बढ्न थाल्यो । क्रुजको झ्याल बाहिरबाट हेर्दा कायरो सहरको झिलिमिली नदीमा आएर ठोक्किदा पुरै नदी मनमोहक र रंगिन देखिदो रहेछ । हाम्रो खानेकुरा सेट वफे भएको हुँदा मेनु हेरेर खाना मगाउनुपर्ने झन्झट नभएकोले खाना खाँदै हामी क्रुज भित्र र बाहिरको दृश्यमै रमाउन थाल्यौं । करिब एक घन्टापछि रात्रिभोज सिद्धिन लाग्दा हाम्रो बीच कम्मर हल्लाइ प्रदर्शन गर्ने भुँडी नाच नाच्ने अरवी महिला नर्तकी आइपुगिन् र आफ्नो नृत्य प्रर्दशन गर्न थालिन् । कम्मरदेखि नाइटोको अलिमाथि सम्मको नांगो भाग हल्लाएर नाच्ने विधि रहेछ त्यो । त्यो नाचलाई अरवी भाषामा तानौरा भन्दा रहेछन् । अरवी लोक गानामा नाचिने त्यस्तो नाच निकै आकर्षक र उत्तेजक हुँदो रहेछ ।

नाच हेर्नेहरू जोश सम्हाल्न नसकी नर्तकीसँगै हल्लन पुग्दा रहेछन् अनि नर्तकी पनि हाम्रो टेवलसम्मै आई आफ्नो प्रस्तुति देखाउँदी रहिछन् । नृत्यपछि उक्त नर्तकिसँग फोटो सेसन गराउनेहरूको तछाड र मछाड हुँदो रहेछ । हाम्रा रोटेरियन साथीहरूले पनि नर्तकीसँग फोटो खिच्न रहर मेटाए । मलाई चाहि किन हो फोटो खिच्न मन लागेन । म चाहि खानामै बढी रमाए ।

भात, चाउचाउ, कुखुराको मासु, माछा, सलाद र मिठाइहरू वफेमा सजाइएका थिए । वफे भएको हुँदा जति खाए पनि हुने । पिउने कुरामा चाहि नसा लाग्ने कुराहरू खुला राखिदो रहेनछ मगाउन पर्ने रहेछ । कायरो आउने पर्यटकहरू जति पिरामिड हेर्न आउँछन झण्डै त्यति नै रात्रीकालिन भोजसहितको क्रुज सफारी र भुँडी नाच हेर्न आउँदा रहेछन् । हामी करिब १० बजेसम्म त्यहाँ बसी त्यहाँको वातावरणसँग रमाइ होटल फर्क्यौं र भोलिपल्ट कायरोबाट दोहा हुँदै नेपाल फर्क्यौं ।



डिनरमा दिइने खानाहरू



हामी डिनर टेबलमा सजिएको अवस्था



बेली डान्सकी नर्तकी हाम्रो टेबलसम्म आई नाच प्रस्तुत गर्दाको क्षण



पार्किङ गरी पर्यटक कुरिरहेका नाइल नदीमाथिका क्रुजहरू

समीक्षा

# कवितारामका कथामा डुबुल्की मार्दा

होम सुवेदी

समीक्षणकर्मका लागि मेराअघि २०३६ र २०३८ सालमा प्रकाशनमा आएका दुई वटा कथाका पुस्तक रहेका छन् । पहिलो संग्रह चाहिं सारसंग्रह प्रकाशन काठमाडौंबाट छापिएको हो । अर्को कथासंग्रहको प्रकाशन भने साझा प्रकाशनबाट भएको छ । पहिलो कथाको पुस्तकको नाम 'कालो कथा' हो र दोस्रोको नाम चाहिं 'प्रलाप' हो ।

दुवै कृतिहरू कथाका संग्रह नै हुन् र दुवै संग्रहका कथाकार पनि एक हुन् अर्थात् कविताराम श्रेष्ठ हुन् । दुवै पुस्तक क्राउन साइजमा छापिएका छन् । दुवैका बाहिरी कभर पृष्ठ आकर्षक, अर्थपूर्ण र कलात्मक रहेका छन् । 'कालो कथा' का कभर पृष्ठमा नली हाड भात्र रहँदसम्म पनि खुट्टाको पासो नफुसेको दर्दनाक कथाको चित्र खिचेको छ । र 'प्रलाप' कथासंगहले पनि आफ्ना कभर पृष्ठमा कलाकार टेकवीर मुखियाको कलाकारितालाई अङ्कित गरेको छ । कथाकार कवितारामका २०२१ सालपछि २०३८ सालका बीचमा लेखिएका कथाहरू नै यी दुई कथासंग्रहमा सङ्कलित गरिएका छन् । पहिलो कथासंग्रह ८७ पृष्ठसम्मको मात्र छ । पहिलो कथासंग्रहमा जम्मा ६ वठा कथामात्र परेका छन् भने दोस्रो कथासंग्रहका ९६ पृष्ठमा भने २२ वटा कथाहरू समावेश भएका छन् । यी कुनै कथाको पनि आयतन एकनासको छैन । तिनको लम्बाइचौडाइ गणितीय रूपमा समान रूपको छैन । कुनैको आकार १६ पृष्ठसम्म लामो रहेको छ भने कुनैको आकार ४ पृष्ठको मात्र पनि रहेको छ । ९६ पृष्ठमा २२ वटा कथा अटाउनुले ८७ पृष्ठमा ६ कथाहरू अटाउनुले के कुराको सिद्ध हुन्छ भने कथाको बान्की, बनोट र आकारप्रकार समान प्रकारको छैन । यसो हुनुलाई कुनै अर्घेलो गरेको पनि भन्न मिल्दैन र यो विवेचनाको मूल वा गौण कडी पनि होइन । आकारगत सन्तुलनका हिसाबले नियालिने एक प्रकारको सानोतिनो गणितीय जोडघटाउ मात्र हो ।

१. 'कालो कथा'

कथाकार कविताम श्रेष्ठले यस संग्रहको नामबारे रोचक र घतलाग्दो टिप्पणी गरेका छन् । समाजका कालो पाटोको चित्रण, औपचरितकता भन्दा भिन्दै रहेको प्रत्येक व्यक्तिसँग रहन सक्ने भित्रि अमिल्दो स्वभाव जुन बारम्बार समाजमा घटिरहन्छ, तर देखावटी ढ्वाङ्गले छोपेर स्पष्टसँग देखिन पाउँदैन, त्यसै प्रकारको कालो वस्तुलाई हेर्न र चित्रण गर्न वा औंलो ठड्याउन 'कालो कथा' मा कवितारामले आफूलाई 'क' पात्रका रूपमा उभ्याएका छन् । यो 'क' पात्रलाई उनी कथाकार वा आफ्नै प्रतिनिधि पात्रको रूपमा रहेको कुरा पनि स्वीकार गर्दछन् । 'भन्दा भन्न पर्ने कुरा' कथाकारले भूमिका लेखेका छन् । भूमिकाका रूपमा उनले आफैं १४ सूत्र दिएका छन् । त्यसरी उनले प्रकाश पारेका सूत्रभूमिकाको नवौं सूत्रमा उनले आफ्ना कथा भएका समग्र विशेषताको प्रकाश गर्ने काम गरिएको छ ।

उनका 'कालो कथा' मा माथिको सूत्र घटित हुन सक्छ । त्यसैले कथाकारको भनाइ मा बेइमानी कतै छ वा छैन भनी खोजिरहनु पर्दैन । उनी पूर्णतः इमानदार रहेका छन् । कालोलाई देखाउनमा उनले कुनै पनि पूर्वाग्रहको कसर राखेका छैनन् । उनको भूमिकाको तेस्रो सूत्रले भनेकै छ– "विधा वया परिवेशभित्र रहेर मैले केही लेखेको छन ।" त्यसैले उनको कथासंग्रहभित्रका पूर्ण रूपमा आत्मपरक निबन्ध भन्न सिकने किसिमका 'विचार तिलस्म', 'खुली प्वाँट सेन्टिमेन्ट' र बयान' आदि निबन्धहरूलाई पनि कथा भित्रै हालेकोमा कुनै बेइमानी गरेको भनेर भन्न सकिन्न । उनले बेइमानी गरेको पनि ठहर्दैन । उनका विचार हुन्, जसरी उनाई अभिव्यक्तिका लागि सजिलो भयो, उसरी नै उनी प्रस्तुत गर्न सक्छन् । यो कथाकारको निजी विषय (?) हो । उनको तजबीज हो । तर कथा भनेका विषयमा कथाको तत्वका आधारमा खोजबीन गर्नु भने समीक्षणकार्यमा आवश्यक हुँदो रहेछ । त्यस अर्थमा केही अप्ठेरोको अनुभव भइरहेको छ ।

चाहे निबन्धका प्रकार हुन् चाहे पूर्णतः कथा भन्न सकिने र कथाका आंशिक तत्वहरू बोकेका कथाहरू हुन् जे जस्ता भए पन ती कथाको नामाकरण गरी कथाकै सीमामा आबद्ध गरिएका छन् । आजको हाम्रो नेपाली समाज अत्यन्तै देखावटीको पक्षमा रहेको छ । बाहिर एक थोक र भित्र अर्कै थोक पाइनु नेपाली समाजको विशेषता नै रहेको छ । भित्र जेसुकै भए पनि बाहिर बडो सभ्य देखिनु पर्छ यहाँ । देखावटीको लागि बडो शिष्ट हुनुपर्ने चलन छ यहाँ । मन भरि लालसा, लिप्सा, लोभ, अनैतिक सोचसमझ, अन्यायी व्यवहार, पाखण्डी वृत्ति आदि भएर पनि देखावटी वा बनावटी रूपमा भए पनि यहाँ ठूलो हुनु पर्छ । बाहिर सेतो देखिनेहरूको भित्रि यहाँ कुनै न कुनै रूपको कालो हुने गरेको छ । यो समाज नै अब कालाहरूको भइसकेको छ । त्यही समग्र कालो पक्षसँग कवितारामको 'कालो कथा' ले मितेरी लगाउँछ । समाजको यथार्थ त्यही कालो हो । त्यसलाई सेत्याउन वा सेततो पार्न खोज्ने हामीहरू स्वाँङ पार्दै आएका छौं । हामी जे देखिन्छौं त्यो हाम्रो सत्य होइन । त्यो शुद्ध असत्या हो । त्यो शुद्ध ढ्वाङ्ग हो । असत्यका संसारमा उभिएर हामी आफूलाई सत्यको मूर्ति देखाउन सधैं तत्पर रहेका हुन्छौं । कथाकारको मूल धारणा यही हो । भित्रका काला कुरालाई बाहिरका राम्रा लुगाले लुकाएर, लाज र सरमलाई पचाएर मान्छे जुँगा मुठार्छ । मान्छे यथार्थमा नाङ्गो हो । उसको अस्तित्वलाई लुगाको क्रित्रिम परिधानले उसैलाई असत्यमा लगिरहेको हुन्छ । यो सारांश उनका 'शुकदेव' र 'मुक्तिप्रसङ्ग' नामक कथाले दिएका छन् । मान्छे लाई मान्छेले नै कसरी ठगेको हुन्छ, आफैंलाई आफैंले कसरी ढाँट्छ, मान्छे प्राणी प्राणीमा कति धूर्त र व्यभिचारी हुन सक्छ भन्ने कुरा उनका 'दोकान' कथाबाट खुलासा गरिएको छ । यौनको प्रसङ्गमा सबैभन्दा बढी घिनलाग्दो प्राणी पनि मानव नै हो भन्ने आशय पनि कवितारामले आफ्ना कथामा सहज र सटिक रूपमा दिएका छन् । यौनवासनाको फोहोरमा नित्य मान्छे पौरी खेलिरहेको हुन्छ । कवितारमाका दृष्टिमा प्रत्येक मान्छे यौनको लिप्सा रूपी महमा टाँसिएको झिंगो जस्तो हो । यो वास्तवमा कवितारामको दृष्टिको सत्य मात्र नभई सार्वजनिन सत्य हो । वास्तवमा यौनको सन्दर्भमा मान्छे कति ठूलो पाप गर्दछ भन्ने चिताउन पनि सकिन्न । प्रत्येक मान्छै वास्तवमा यौन अपराधी हो । ऊ चाहे त्यो आपराध स्वयंमा सीमित भएर आत्मपीडन गरोस् वा परपीडन गरोस् । जे भए पनि हरेक मान्छे यौनको सन्दर्भमा महान् अपराधी हुन्छ । क्षणिक सुखका लालसाले जीवनलाई भइङ्कर अपराधको खौलोमा हाल्न पनि उसलाई कुनै अप्ठेरोको अनुभव हुँदैन । यो यथार्थ हो, सत्य हो । तर जीवनभरि यो अपराधका नानाथरीका टाटा टाँसिएको देखिदा पनि आफूलाई निरपराभीको टाँचा लगाउँदै छाती फुकाएर हिंड्ने बानी चाहि आपराधिक वा असत्य हो, देखावटी हो, आफैंलाई आफूबाटै हुने ठूलो ठगी हो । कवितारामका अधिकंश कथाहरू उपन्युक्त धारणाका निकटतामा रहेका पाइन्छन् ।

कवितारामले जुनसुकै विषयमा आधारित रहेर कथा लेखेको भए तापनि उनको कलम निश्छ, निडर र सत्य बोल्न आनेकाने नगर्ने प्रकृतिको छ । उनी आफ्ना भावनालाई कलमले सर्लक्क उतार्छन् । त्यस सन्दर्भमा जति मात्रामा सत्यलाई उधिन्न चाहेको हो त्यसलाई त्यो भन्दा अझ बढी उजिल्याउने उनले प्रयास गरेको हुन्छ । उनलाई सत्य कुरा भन्न र लेख्न 'प्रस्तुत हुनुहोस्', 'जागीरे', 'रावणायण' जस्ता कथाले यस भनाइलाई बढी मात्रामा साक्षीको काम गरेका छन् उनलाई कथात्मकताको बुनोटमा खास तारतम्य मिलाइरहनु पर्दैन । एकाएक वा गफैगफका कुरैकुरा विवरणहरूबाट कथाको तानतुन गरिहाल्छन् । त्यसैलाई एउटा आकार दिएर कथात्मक परिधान लगाइदिन थाल्यो, उनको कथा बश त्यति हो ।

कवितारामका कथामा शिल्प, शैली कथाको संरचना, वा यावत् कथाका तत्वको खोजी गर्न आवश्यक पनि छैन । अधिकांश उनका कथा लघु आकारक छन् । यस्ता छोटा आकारमा कथाको रचना गर्नाले त्यस्ता कथामा केही मात्रामा भए पनि रोचकता थपिन सक्छ । उनका कथामा मानसिक द्वन्द्व, मनोविज्ञानको चित्रण, मनोविश्लेषण, मनोद्वन्द्व वा बाह्य वा आन्तरिक संघर्ष आदिको सर्वेक्षण नगरे पनि हुन्छ । ऐतिहासिक, पौराणिक, मनोवैज्ञानिक, सामाजिक जस्ता किसिममा उनका कथा अट्तैनन् । उनका कथाहरू खालि सामाजिक परिवेशभित्रै अडेका छन् । ती कथाको समाज पनि देखिने समाजको नदेखिने पाटोपट्टिको वा कालो समाजको स्वरूप मात्र छ । यस अर्थले हेर्दा उनका सबै कथाहरूले कालो समाजको चित्रण गरेक गरेका हुँदा यथार्थमा अडेका छन् भन्न सकिन्छ । कथाकार कविताराम र उनका कथाहरूलाई अध्ययन गर्ने बानी परेकाहरूले फलानो वादी र ढिस्कानो वादी को लेबिल लगाएरै अध्ययन परम्परा निर्बाह गर्नेहरूले उनलाई अतियथार्थ वा अधियथार्थवादी भन्न पनि रुचाउन सक्लान् । तर यथार्थलाई अतिक्रमण गर्ने अर्थमा प्रयोग हुने अतियथार्थ चाहिं उनका कथामा प्रयोग हुन सक्तैन । त्यसो गर्नु उनका कथामाथि अन्याय हुन जान्छ । उनका कथालाई खुला व्यङ्ग्य बोकेका हतियार पनि भन्न सकिन्छ । शाब्दिक गोलमाल वा जन्जाल उनलाई मन परेको जस्तो लाग्दैन । उनका कथामा घुमाउरो पाराले भन्ने विधि, लक्षणात्मकताको प्रयोग गर्ने बानी वा व्यञ्जनावृत्ति आदिको अभाव भए पनि मर्मस्पर्शी व्यङ्ग्य भने उनका कथाले सहज रूपले नै बोकेका छन् । त्यो व्यङ्ग्य खास गरी समाजप्रति छ र त्यसको प्रयोगविधि व्यञ्जनामूलक नभएर अभिधामूलक नै रहेको छ । कविताका हाल चम्कन लागेका मीनबहादुर बिष्टले आफ्ना कवितामा जुन अभिधामूलक व्यङ्ग्य प्रयोग गर्ने विधि स्वीकार गरेको देखिन्छ, त्यही विधि कथाकार कविताराम आफ्ना कथामा प्रयोग गर्दछन् ।

भनाइमा शब्दको पर्दा कतै पनि उनले राखेका छैनन् । उनको स्पष्टवादिता प्रत्येक कथाले प्रमाणित गरेका छन् । गरिबको जीवन निर्बाह गर्ने चालचलन चित्रण, जागिरेको जीवन भोगेकाहरूका यथार्थता, वेश्याहरूका वेश्यावृत्तिहरूका नग्नचित्र, वेश्यावृत्तिमा रत हुने पुरुषहरूका वास्तविक चरित्रहरू, घूस्याहाहरूको चरित्रचित्रण, वेश्यालयको चित्रण जस्ता अनेकौं यथार्थताहरूको चित्रण यस संग्रहका कथाले जिउँदो रूपमा पोखेका छन् , जो सामान्यतः समाजसको यथार्थका पछिपट्टि रहेको कालो हुन्छ, जो यथार्थ भन्दा पनि महायथार्थ हुन्छ, जसलाई तथाकथित सत्यले ढाकिएको हुन्छ, को प्रत्यक्षीकरण नै मूलतः 'कालो कथा'को साध्य हो । वास्तवमा कवितारामले आफ्नो 'कालो कथा'बाट देखाउन खोजेको मूल विषय यही हो र यथार्थ पनि यही नै हो ।

२.प्रलाप

कवितारामकै अर्को कथासंग्रहका 'प्रलाप' का बारेमा चाहिं केही भिन्न विचार यो कथा संग्रह चाहिं कवितारमकै कथासंग्रह 'कालो कथा' भन्दा भिन्न स्वभाव भएका कथाहरूको संग्रह हो । 'प्रलाप' समग्र रूपमा 'कालो कथा' को प्रखर अभिव्यक्ति भन्दा निकै फरक छ ।फरक कुन अर्थमा पनि छ भने यसको चित्रणपक्ष समाजको कालो विषयसंग मात्र सम्बन्धित रहेको छैन । अझ 'प्रलाप' लाई साँच्चै भनूँ भने 'कालो कथा' कथाका कथाकारकै कथासंग्रह यो हो के ? भनि प्रश्न गर्न सकिने स्थिति छ । यसको अर्थ के चाहि होइन भने कथाकार कवितारामको 'प्रलाप'को अभिव्यक्तिमा बेइमानी भएको छ ।

उनले आफ्नो 'भन्दा भन्नु पर्ने कुरा' मा स्पष्टसंग यसै कृतिमा पनि आफ्नो विषय राखेकै छन् । प्रस्तुत कथासंग्रहमा कथामात्र छन् भनि उनको हठ छैन । त्यसैले यस संग्रहमा अकथाहरू पनि हुन सक्छन्, तर एकएक खालका यो कथा संग्रह चाहिं कवितारमकै कथासंग्रह 'कालो कथा' भन्दा भिन्न स्वभाव भएका कथाहरूको संग्रह हो । 'प्रलाप' समग्र रूपमा 'कालो कथा' को प्रखर अभिव्यक्ति भन्दा निकै फरक छ ।फरक कुन अर्थमा पनि छ भने यसको चित्रणपक्ष समाजको कालो विषयसंग मात्र सम्बन्धित रहेको छैन । अझ 'प्रलाप' लाई साँच्चै भनूँ भने 'कालो कथा' कथाका कथाकारकै कथासंग्रह यो हो के ? भनि प्रश्न गर्न सकिने स्थिति छ । यसको अर्थ के चाहि होइन भने कथाकार कवितारामको 'प्रलाप'को अभिव्यक्तिमा बेइमानी भएको छ ।

उनले आफ्नो 'भन्दा भन्नु पर्ने कुरा' मा स्पष्टसंग यसै कृतिमा पनि आफ्नो विषय राखेकै छन् । प्रस्तुत कथासंग्रहमा कथामात्र छन् भनि उनको हठ छैन । त्यसैले यस संग्रहमा अकथाहरू पनि हुन सक्छन्, तर एकएक खालका प्रलाप भने यी अवश्य नै हुन् भन्नेमा उनि सफाई दिन्छन् । यौनलाई प्रतीकबाट व्यक्त गर्न यस कथासंग्रहमा उनले प्रयास गरेका छन् भन्ने कुरामा उनकै आफ्नै सहमति छ ।

वस्तुतः 'प्रलाप' कथासंग्रहको टढ्कारो विषय यौन हो, तापनि समग्र 'प्रलाप' का २२ वटा कथाहरू यौनसँग मात्र सम्बन्धित रहेका छैनन् । यसको यौन प्रयोग उनकै भनाइअनुसार प्रतीकका माध्यमबाट व्यक्त भएको छ । तृष्णा, जुँगा, आगो, श्रृङ्गार जस्ता माध्यमबाट कथाकारको यौन सन्दर्भ र विषयको चित्रण भएको छ । कुनै पनि विषयलाई प्रतीकको माध्यमबाट व्यक्त गर्नु शिष्टता तथा मनोहारितको एउटा राम्रो लक्षण मानिन्छ । शिष्टता के अर्थमा पनि हो भने प्रतीक कुनै पनि वस्तुलाई हेर्ने एउटा त्यो प्रतिविम्ब हो, जसले प्रतिविम्बका रूपमा वस्तुलाई देखाउँछ । राम्रो गरी नियाल्दा मात्र प्रतिविम्बबाट प्रकट गर्न खोजेका कुरालाई अर्थ्याइन्छ, नत्र प्रतिविम्बित कुराहरूको साटो वस्तु मात्रै आभासित हुन्छ, ऐना मात्र देखिन्छ । यसैले प्रतीकविधानको साहित्यमा प्रशस्त प्रयोग हुँदै आएको र हुने गरेको छ । कवितारामको 'प्रलाप' कथा संग्रहभित्रकोयौन यसै प्रतीकात्मक रूपले स्पष्ट भएको छ । पात्रहरूको यौनजन्य मनोगति, मनःस्थिति एवम् त्यसले क्रियात्मक रूपमा मान्छेमा देखाउने भिन्न क्रियाकलाप नै 'प्रलाप'को यौन चित्रण हो । यसलाई सोझै यौनप्रभावित देखाउनुको बदला यौनलाई प्रतीकको स्वरूपबाट नै आकार दिएको छ । 'आँखा लाग्नु', 'तृष्णा', 'श्रृङ्गार', 'कोठा बोल्छ' जस्त कथाका पात्रहरू यौनप्रभावित भए पनि तिनका यौनलाई अन्य शारीरिक अवस्थामा वा क्रियाकलापमा लगी जोड्ने काम गरिएको छ । तुलनात्मक रूपले हेर्ने हो भने 'कालो कथा' को यौन प्रयोग यथार्थ हो । लाजको पर्दा लगाउने परिपाटीलाई हेर्ने हो भने 'कालो कथा' को यौनप्रयोग यथार्थ हो भन्नमा सन्देह नभए पनि लाजको पर्दा लगाउने चलनअनुसार मान्ने हो भने त्यसमा गरिएको यौनप्रयोग अलिक फोहोरी र अशिष्ट प्रकारको छ भन्न सकिन्छ भने प्रस्तुत संग्रहको यौनप्रयोग चाहिं शिष्ट प्रकारको रहेको देखिन्छ । कुनै पनि कुरा ढाकछोप नगरिकन भन्न रुचाउने 'कालो कथा' का कथाकार कवितारामले यस संग्रहका कथाहरूमा चाहिं केही पर्दा हालेर, प्रतीकको राम्रो प्रयोग गरेर आफ्ना कुराहरू पाठकका अघि प्रस्तुत गर्न रुचाएका छन् । यसबाट उनमा सामाजिक दायित्वको बोध बढिरहेको कुरा पनि बोध हुन आउँछ । यस अतिरिक्त 'प्रलाप'का कथाहरूकले थुप्रै विषयलाई ढाकेका छन् । मानवको मृत्युबोध, जीवनको सुन्दर पक्ष, मूक पशुसँगको मानवीय प्रेम, करुणा, स्नेह आदि विविध विषयसम्म ती कथाले ढाकेका छन् । हरेक विषयमा कवितारामका परम्परा भन्दा भिन्न प्रकारका धारणाहरू देखिन्छन् । यस संग्रहमा प्रायशः हरेक कथालाई लघु आकारमै पूर्णता दिइएको छ । आकारमा लघुता देखिए पनि ती कथाहरूमा आन्तरिक संरचना वा विषयवस्तुको आयामिक पूर्णताभने हरेक कथाले दिएकै छन् । कतिपय कथाहरूलाई मुक्तककथा भने पनि हुन्छ । मुक्तकपन जेजेमा र जहाँजहाँ हुन्छ, त्यो तीब्र हुन्छ । मुक्तककथा भन्नु तीब्र वेधनशक्ति भएको कथाको आकारको रचना हो । त्यसैले मुक्तककथा वा लघुकथा भएको हुँदा हरेक कथाहरूलाई प्रभावशालीताका आधारबाट हेर्दा तीब्रतर रहेका छन् । कुनै पनि कथा शिथिल छैन । आरम्भको तारतम्य मध्यको अभिवृद्धि वा क्रमिक विकासर समाप्तिको ढाँचा उनका कथालाई आवश्यक नै परिरहँदैन । उनका यी कथाहरू अनायास आरम्भ भएर अनायासै कुनै तारतम्य नमिलाई समाप्तिमा पुग्दछन् । अधिकांश कथाहरूमा कथाकार स्वयंको 'म' पात्रको रूपमा उपस्थिति देखिन्छ। अर्थात् 'म' पात्रकथानकका कथाको भोक्ता पात्र हो । यस अतिरिक्त अनभावका, दर्शक, वा श्रोता पात्रका रूपमा पनि म वा कवितारमा स्वयं को उपस्थिति रहेको छ । यस कारण उनको शैली अधिकांश मात्रामा आत्मकथनात्मक रहेको छ । पात्रहरू पनि वैयक्तिक अधिक रहेका छन् । कथोपकथन वा सम्वादको त यसै पनि कमी छ । तर जतिजति स्थानमा प्रयोग गरिएको छ त्यसमा अस्वाभाविकताको गन्ध कतै पनि पाइन्न ।

वस्तुतः कवितारमाका कथाहरू चित्रण गर्न खोजेको विषको भित्री मर्मलाई समेत उद्घाटन गर्दछन् । भन्न खेजेका करामा कुनै मोलाहिजा नगरी वा पर्दा नलगाई प्रस्तुत गर्नु उनको वैयक्तिक विशेषता हो । शाब्दिक जालझेल गोलमटोल, वा शब्दपाण्डित्यको कतै पनि देखिदैन । उनलाई शब्दजाल मन पर्दैन । भावुकताकोमात्रालाई कथामा प्रवेश गराएका छैनन् । वैचारिक गरिराइहरू पनि उनका कथाले बोकेका छैनन् । जीवनको अनिश्चित स्वरूप, मृत्युको अपरिहार्यता, मानवीय अन्तःप्रेम, सद्भाव आदि विषयमा उका कथामा सतही विचारहरू मात्र यदाकदा देखिन्छन् । वास्तवमा उनका कथाहरू समाजको सेतो सत्य वा कालो यथार्थ देखाउने चखिला अभिलेख हुन् । यसै रूपमा कवितारामका कथाको मूल्याङ्कन हुनु पर्छ । युगज्ञान, वर्ष, १४ अङ्क २०३९

भूमिका

# जे छ त्यो छ, जे छैन त्यो पनि छ


✍ डा. खेम कोइराला बन्धु

पन्तको लेखन कला आफ्नै प्रकारको छ । लेखनीमा दृष्टि समीचिनछ । त्यसलाई पर्गेल्न सक्नुपर्छ । जब उनी वाराणसी प्रवेश गर्छन्, काशी विश्वविद्यालयदेखि घाटघाटसम्म, जगदम्बा धर्मशालादेखि नेपाली धर्मशालासम्म, विश्वनाथ मन्दिरदेखि राममन्दिर र फेरि विश्वनाथ मन्दिरसम्म घटनाको टिपोट गर्छन् ।

एउटा साहित्यिक पत्रकार उनी । 'गोरखा जीवन भारत' नामक पहिलो साहित्यिक पत्रिकाको खोज खबर गर्न तम्सिन्छन् । कदी भन्छन्– जहाँ जाऊँ नेपालीभाषी भएका ठाउँमा यो पहिलो पत्रिका खोज्नु त्यहीँ चस्को पसेको हुँदो हो यिनलाई । कस्तो विचित्रको कुरा । बनारस पुगेर अखण्ड नेपालको कल्पना गर्छन् । भन्छन्– लिम्बुवान्, खुम्बुवान्, नेवारवान्, वाहुनवान् खण्डैखण्डको खण्डीकृत नेपाल नबनाऔं । आजको सिको राजनीतिक चिन्तन ।

उनको आध्यात्मिक धारणा आफ्नै छ । भन्छन्– 'पितृ तार्नका लागि गण्डकी,कोशी, त्रिशूली तीन पवित्र नदी छँदै छन् । उत्तरगया पनि यहीँ छ । त्रिशूली र वेत्रावती कोशी यहीँ छ । गोकर्ण यहीँ छ, चन्द्रभागा र वाग्मती यहीँ छन् ।' भन्छन् – 'आफ्नै देशका चारधाम– मुक्तिक्षेत्र, रुरुक्षेत्र, पशुपतिक्षेत्र र वराहक्षेत्र यहीँ छँदै छन् । योगी नरहरि, स्वामी प्रपन्नाचार्य, ....... आदिले भनेका कुरालाई थप जोड दिएका यी पवित्र स्थल छाडेर किन दूरदराज अप्रमाणिक विदेशमा रुमल्लिन्छौं हामी ? यो प्रश्न उनको रहेको छ । (सम्झन्छु, यत्तिकैलाई लोककृष्ण भट्टराईले 'नेपाली सभ्यता विगत र वर्तमान' नामक सिङ्गो छ सय पृष्ठको किताब लेख्नुभयो । संयोगवश त्यसको भूमिका मैले लेख्ने अवसर पाएँ – सागरमा गागर । टिप्न सक्नुपर्छ सूक्ष्मदृष्टि दिएर शीला खोज्नुपर्छ । व्योमयानबाट असम्भव ।

एउटा उदाहरण– उनी जहाँ जान्छन्, नेपाल र नेपालको माटो, नेपालका ज्ञानपुरुषहरू सम्झन्छन् । सिद्धार्थ बुद्धको २९ वर्षे जीवनपछि गृहत्याग गरेर प्राप्त भएको ज्ञानको कुरा । नेपाली गौतमबुद्ध, जसले ३५ वर्षको उमेरमा बोधगयामा बुद्धत्व प्राप्त गरे, सारनाथमा प्रथम उपदेश दिए र असी वर्षको उमेरमा जीवनलीला त्याग गरे । सूच्यरुपमा प्रस्तुत गरेका छन् पन्तले यी सबै कुरा – बुद्धको नेपालीत्वलाई स्थापना गरेर । कहिलेकाहीँ चटकजस्तो पनि गर्छन् एकैछिनमा आंशिक सम्झन्छन् । सम्राट्राजा जनकको पल्लाभारी बनाउँछन् । (प्रजातन्त्रको महान् नेता जननायक बिपी कोइराला बसेको ठाउँसम्म पुग्छन् । चालीस वर्ष अगाडिको उनको यात्रालाई ठाउँठाउँमा पूर्वस्मृतिको रूपमा ल्याउन पनि उनी भुल्दैनन् ।) सरलताका यति व्याप्ति छ कि इमानदारी साथ बनारसमा रहँदा लेखक/चिन्तक/अध्यात्म उपासक अर्जुन विरक्ति




सम्झन्छन् । (खाली घुम्ने र रुझ्ने होइन, अल्लारिने लहरिने होइन, पुरातफ्व र धार्मिक सांस्कृतिक स्थलको रिपोर्ट गर्न भ्याउँछन् उनी ।)

गजब लाग्छ, महामना मदनमोहन मालवीयका जनसहभागिता सिम्बोलिक रूपमा प्रस्तुत गर्न उनी चुक्तैनन् । माथि नै भनेँ, विश्वनाथ दर्शनको समयमा उनी कल्पनामा दौडिन्छन् । अध्यात्म र भौतिकताको सङ्गम कल्पना उनलाई यस्तो आउँछ । परेवा, भँगेरा र ढुकुरका जोडाजोडी एउटा नभए अर्को एक्लै हुँदा कस्तो अवस्था हुन्छ ? उनको सूक्ष्म अवलोकन गर्ने बानी – कल्पनाशीलतामा उनको थप्ने बानी आफ्नै शब्दजस्तो देवकोटाको झैं 'वनस्पतिको लतिका ।'

+++

विचित्रको छ उनको सोचाइ । ग्रिनसिक्किम, क्लिनसिक्किम, व्युटिसिक्किम । भौगोलिक चित्रण त छँदै छ, सांस्कृतिक र सामाजिक चित्रण पनि छ । जातीयताको लागि नेपाली राष्ट्रिय जातीयतामा उनी दत्तचित्त छन् । महान् भानुभक्त, राष्ट्रवादी भानुभक्त, नेपाली जातीयताका एकमात्र भानुभक्तको प्रतिमा देख्दा उनी दङ्ग पर्छन् र हामीलाई सूचना दिन्छन्– सन् १९८९ का पूर्व मुख्यमन्त्री नरबहादुर भण्डारीबाट शिलान्यास भएको । (आभार व्यक्त गर्छन्) भानुप्रति श्रद्धाको अभिव्यक्ति ।

सिक्किममा नाफुल्ला चीन बोर्डरको महफ्वलाई दर्शाउँछन् र पाठकलाई रमाइलोका लागि एउटी युवती उभ्याउँछन्, वक्ताको रुपमा– मेनुका पौडेल । भनिदिन्छन्– 'राम्री स्मार्ट र फरासिली ।' पाठक दङ्ग पर्ने कुरा यो उनको कलालाई म मान्छु । (यथास्थानमा यस्ता प्रयोग प्रशस्त गरेका छन् उनले ।) यस्ता कोमल हृदयका साहित्यकार राजनीतिक रूपमा पनि सचेत छन् । भन्छन्– सरकार विरोधी नारा जुलुस गर्न गाह्रो छ सिक्किममा । हामी कल्पना गरौं यहाँका हाम्रा अराजक पार्टी, तिनका कार्यकर्ता, अरु डन, कुण्डले मुन्द्रेहरूलाई यातायात हड्ताल,चक्काजाम र टायर संस्कृति । लाग्छ, कतिपय सन्दर्भमा निरङ्कुश नै पो ठीक छ कि ?

पन्तले महफ्वपूर्ण सूचना दिएका छन् । बुद्धिष्ठ, हिन्दू, क्रिश्चियन र मुस्लिम सिक्किममा जनसङ्ख्याको प्रतिशतको हिसाबले क्रमशः आउँछन् तर उनले चिन्ता व्यक्त गरेका छन् । 'क्रिश्चियनहरूको वृद्धिक्रम' बढिरहेको छ नेपालमा, यस पक्षमा चिन्ता छ उनको । जहाँ जान्छ, प्रशङ्गवश त्यहीँका पात्रहरू उल्लेख गर्छन् । उनको विशिष्टता भनूँ, भेटेसम्म पात्रहरू लिन्छन् । सिक्किमका प्रमुख पात्र, जसलाई उनले भेटे सिक्किम साहित्य प्रतिष्ठानका अध्यक्ष रुद्र पौडेल, प्रवृत्तिहरू । त्यहाँका साहित्यिक पत्रिका निर्माणको वैशिष्ट्य उल्लेख गर्छन् । उनी जहाँ जान्छन्, त्यहाँ अगमसिंह गिरी सम्झन्छन् । भन्छन्– काँडाको बीज पहाडी फूल कहाँ छैन र हाँसेको ।

सात लाख जनसङ्ख्या भएको सिक्किममा बस्दा उनी चाम्लिङको विकास योजनामा – पर्यटन आधार, प्राकृतिक सुधार र उद्योगको प्रवर्द्धन जस्ता कुरामा दूरदृष्टि दिन्छन् । त्यहाँ हिजोआज देखापरेको साम्प्रदायिकताले गर्दा चिन्ता गर्दै पग्लिन्छन्– चामलिङको किल्ला बिस्तारै आउन सक्छ । राजनीतिभित्रका राजनीति सिमानाविहीन भाषा हुन्छ, संस्कृति हुन्छ, धर्म हुन्छ, भेषभुषा हुन्छ । त्यसको उनी राजनीतिक निशानाविहीन भन्छन् । एउटा चरालाई भिसा चाहिँदैन, वायुलाई चाहिँदैन । यस्तै हिसाबमा उनले 'हृदयको एक गन्ध' छ भनेका छन् । देवकोटाको नेपाली जातीयता ।

गजबको कुरा, भनेका छन् उनले– भारतीय संस्कृतिको सभ्यता नौलो व्याकरण । भोलि बालकृष्ण पोखेलले के भन्लान् कुन्नि ! आज यिनले ठोकुवा गरे – भारतीय संस्कृति भन्नाले भारत पाकिस्तान, अफगानिस्तान, बंगलादेश, भुटान, नेपाल सबैको (तर भनेनन् सिक्किमबासीको मुटुका कथा प्रश्न यही होला) । (सिक्किमबासी बाबु पुस्ता, छोरा पुस्ता र नाति पुस्ताको सोच र समझको पक्ष चाहिँ बाँकी ।)

(तर चीनमा थाइल्यान्डमा, बर्मामा, जापानमा, कति देशमा हाम्रो आम परिवार छ । बुद्धधर्म, त्यसलाई भारतीय संस्कृतिको बदला आर्यावर्त संस्कृति किन नभन्ने ? मेरो जिज्ञासा ।)

मलाई लाग्छ, लोककृष्ण भट्टराईले भनेझैं उनको भारतीय संस्कृति भन्नाले आर्य सभ्यता हो, जुन नेपालबाट उद्गमित, प्रशारित भएको छ –शिव, बुद्ध, जनक हुँदै ।

एउटा सिक्किममा घुम्दा उनले महात्मा गान्धीसम्म पनि छोडेनन्–श्रद्धा, आस्था । लाग्छ– गान्धीको यिनमा निकै प्रभाव छ । तर मलाई रुचिकर के लाग्यो भने ज्ञान दिलदासको विसर्जन भूमि सिक्किम । सन् १८७८, १९४० यही हो भन्न यिनले भ्याए, जो इलामे थिए र रुम्जाटारमा बस्दै जोसमनि सम्प्रदायका ज्ञानी र विद्वान्पुरुष । (यिनको अध्यात्म र ज्ञान पक्षको प्रस्तुति भए कति राम्रो हुन्थ्यो ।) (क्रमशः)

व्यंग्य

# सम्धिनीज्यू पो क्या च्वाँक



● प्रेम ओली
(ढकलपुरे)

बुहारी परी हाडीघोप्टी नाक पनि नेप्टी
गाला पनि हेऱ्यो पनि, छे चेप्टी चेप्टी
जिउडाल पनि उस्तै छ हात्ती जस्ती ढ्वाक
सम्धिनी पो रहिछिन् गाँठे, आहा क्या च्वाँक !

कोही छोरी यति दुब्ला, अस्थिपन्जर जस्ता
कोही छोरी कति अग्ला, लौका घिरौला जस्ता
कोही पनि छोरी छैनन देख्दा खेरी भ्वाक
सम्धिनी पो रहिछिन् गाँठे, आहा क्या च्वाँक !

सम्धीज्यू पनि पिलन्धरे लाउने सधैं ट्वाक
कोही छोरा लखन्तरे कोही रैछन क्वाँक
सम्धिनी पो रहिछिन् गाँठे, आहा क्या च्वाँक !

छोरी भन्दा नयाँनयाँ फेसन आफै लाउछिन
काले चश्मा ठोकेर टिकटकमा पनि छाउछिन
रङ्गीचङगी फेसन लाउछिन रङ्गीचङगी प्वाँख
सम्धिनीज्यू पो रहिछिन् गाँठे, आहा क्या च्वाँक !

दारी पनि फाल्छीन , जुगाँ पनि फाल्छीन
गालामा खाल्टोमा भए क्रिमपाउडरले टाल्छीन
कहिले लाउँछिन् स्कर्ट, कहिले लाउँछिन् कुर्ता
बुढोसुडो जता जावोस आफ्नै गर्छिन सुर्ता
कहिले त ठोकी दिन्छिन् हाफप्यान्ट
चल्यो भने भ्वाँक
सम्धिनी पो रहिछिन् गाँठे, आहा क्या च्वाँक !

# काठमाडौं उपत्यकाको फोहोर उठाउन सधैं तनाव

काठमाडौं । स्थानीयको विरोधको बाबजुद पनि प्रहरीले स्कर्टिङ गरेर फोहोरको गाडी बन्चरेडाँडामा लैजाने खोजेपछि झडप भएको छ । फोहोरको गाडी बञ्चरेडाँडामा पुगेसँगै स्थानीय र प्रहरीबीच झडप भएको हो । सो क्रममा प्रहरीले स्थानीय दिपेश कार्कीलाई नियन्त्रणमा लिएको अर्का स्थानीय दीलिप लामाले बताए ।

धुनवेशी नगरपालिका-१ का वडाध्यक्ष मानबहादुर तामाङका अनुसार प्रहरीले बल प्रयोग गरेर जबरजस्ती फोहोर बन्चरेडाँडामा खसाल्न थालेपछि स्थानीयले विरोध गरेका थिए । सो क्रममा प्रहरीले झडप भएको उनको भनाइ छ । प्रहरीले दमन गर्न खोजेपछि स्थानीयबासीहरूले डाँडामा चढेर डुँगा हान्न थालेका छन् ।

फोहोरको गाडीको लागि सुरक्षाका लागि बन्चरेडाँडामा २५० भन्दा बढी प्रहरी परिचालन गरिएको काठमाडौं प्रहरी परिसरले जनाएको छ ।

मंगलबार प्रहरीले बल प्रयोग गरेर १८६ गाडी फोहोर फालेको थियो । स्थानीयको अवरोध हटाउनलाई प्रहरीले रबर गोली समेत प्रहार गरेको थियो । सो क्रममा एक जना घाइते पनि भएका थिए । फोहोर व्यवस्थापनमा अवरोध भएपछि मंगलबार प्रहरी प्रशासनको सहयोगमा १८६ गाडी फोहोर ल्याण्डफिल साइटमा लगिएको थियो । स्थानीय अवरोधपछि प्रहरीले बल प्रयोग गरेको थियो ।

सशस्त्र प्रहरी बेस क्याम्प बञ्चरेका नायव निरीक्षक युवराज रिजालका अनुसार स्थानीय डाँडामा जम्मा भएर बसेका छन् । ढाँडखोला नजिक ४१ वटा गाडी फोहोर खन्याउन लाइनमा बसेका छन् ।

# मानव नरसंहारको कहालिलाग्दो क्षण




विष्णु भट्टराई

दोस्रो विश्वयुद्ध चलिरहेको थियो। अमेरिका र जापान घमासान युद्ध लडिरहेका थिए। जापान लगभग हारको नजिक पुग्दै थियो। जर्मन तानाशाह हिटलर पनि सोभियत संघमा झम्टँदै थिए। सोभियत नेता जोसेफ स्टालिन हिटलरका सेनालाई परास्त गर्न दृढ संकल्पित थिए। ब्रिटेन र अमेरिका युद्ध जित्ने मुरादमा थिए। यही बेला महान वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले घोषणा गरे जससँग परमाणु बम हुनेछ उसैले युद्ध जित्नेछ। अमेरिकाले थाहा पायो कि आइन्स्टाइनले परमाणु बम बनाए छन्। अमेरिकाले आइन्टाइनबाट परमाणु बम फेला पर्‍यो। आइन्स्टाइन जर्मनी थिए। परमाणु बम हिटलरले नै पहिले प्राप्त गर्न सक्थे। तर आइन्स्टाइन यहुदी भएका कारण हिटलरले परमाणु बमबारे विश्वास गरेनन्। हिटलरले आफैंलाई सिध्याइदिने हुन् कि भन्ने डरले आइन्स्टाइन जर्मनबाटै पलायन भए। अमेरिकाका तत्कालीन राष्ट्रपति ट्रमेनले आइन्स्टाइनलाई पत्र लेखेर परमाणु बम अमेरिकालाई दिन आग्रह गरे। आइन्स्टाइनले परमाणु बम अमेरिकालाई दिए। तर उनले तत्कालै अमेरिकाले आफूले निर्माण गरेको बम पड्काउने छ भनेर सोचेका थिएनन्। अमेरिकी राष्ट्रपति ट्रुमेन जापानी शक्तिसँग डराइरहेका थिए। जापानलाई हराउन उनले परमाणु बम खसाउने आदेश दिए।

अमेरिकाले जापानको हिरोसिमा र नागासाकीमा एटमबम पड्कायो। हजारौं मानिसहरूले ज्यान गुमाए। बमले प्रकृतिका सुन्दर संरचनाहरू समेत ध्वस्त भए। यो समाचारले एटम बमका जन्मदाता आइन्स्टाइन अत्यन्त दुःखी भए र भने- 'मैले मानव सभ्यताविरुद्ध भयंकर गल्ती गरेंछु। आजको दिनलाई ब्लाक डेका रुपमा इतिहासले स्मरण गर्नेछ। जब हिरोसिमा ध्वस्त भयो, मानव संहार मच्चियो। त्यसले विश्वलाई नै दुःखित बनायो। केही अमेरिकी पत्रकारहरू बिहानै ह्वाइट हाउस पुगे र राष्ट्रपति ट्रमेनलाई प्रश्न गरे, महामहिमज्यू, हिरोसिमामा नरसंहार भयो, के तपाईं राति निदाउन सक्नुभयो ? तपाईंलाई अणुबम पड्काउन आदेश दिएकोमा पछुतो लागेन ? राष्ट्रपति ट्रमेनले हाँस्दै जवाफ दिए- 'पत्रकार साथीहरू गए राति जस्तो मिठो निद्रा मलाई जीवनमा कहिल्यै लागेको थिएन।'

जापानको हिरोसिमा सहरमा आजभन्दा ७७ वर्षअघि अमेरिकाले विश्वमै पहिलो पटक आणविक बम हमला गरेको थियो। ६ अगस्तका दिन हरेक वर्ष हिरोसिमाबासीले आणविक हमलाको स्मरण गर्छन्। सन् १९४५ को ६ अगस्तको दिन भएको नरसंहारले मानव सभ्यताकै मज्जाक उडाएको थियो। आणविक बम हमलापछि अमेरिकी राष्ट्रपति बाराक ओबामा सन् २०१६ को मेमा हिरोसिमा पुगेका थिए। हिरोसिमा पुग्ने उनी नै एकमात्र अमेरिकी राष्ट्रपति हुन्। वर्तमान अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रमले अमेरिकाले आणविक हतियारहरू वृद्धि गर्ने बताइरहेका बेला विश्वले आणविक अस्त्रबिनाको विश्वको कामना गरेको छ। खरानीबाट उठेर जापानले विश्व अर्थतन्त्रको तेस्रो हैसियत बनाएको छ। दोस्रो विश्वयुद्धको उत्तरार्द्धतिर अमेरिकाले जापानका दुई सहर हिरोसिमामा ६ अगस्तमा र नागासाकीमा ९ अगस्तमा आणविक बम ब्लास्ट गराएको थियो। बम ब्लास्टपछिको कारुणिक










परिदृश्य यस्तो थियो-

मैले आफ्नै आँखाअगाडि दशहजार फिट अग्लो आगोको मुस्लो देखें। जुन धरतीबाट उडेर आकाशतर्फ बेसुरसँग दौडिरहेको उल्का जस्तै देखिन्थ्यो। हेर्दाहेर्दै त्यो आगोको मुस्लो ठूलो च्याउजस्तै हुँदै ४५ हजार फिटको उचाइसम्म पुग्यो। आकाशमा अब आगोको ज्वालाबाट बनेको विशाल च्याउजस्तै शिखरहरू थिए। त्यसबाट आगोका लप्काहरू खसिरहेका थिए।

*- अमेरिकी पत्रकार विलियम लरेन्स (प्रत्यक्षदर्शी)*

ड्वाङ आवाज आएपछि मैले जमिनमा जतासुकै पहेंलो र निलो प्रकाश फैलिएको देखें। हस्पिटलतिर हेरेको त हस्पिटलका भवनहरू ड्याम ड्याम जमिनमा लडिरहेको देखें। चारैतिरबाट ठूलठूला आवाज आउन थाले। आगोको रापले मेरो शरीर पनि जल्न थाल्यो र भुइमा लडीबुडी गरेर आगो निभाएँ तर ढाडको छाला खुइलिसकेको थियो। सहरमा पूरै हाहाकार मच्चिरहेको थियो। हस्पिटलका जवान, डाक्टर र नर्स सबै मुर्छा भइसकेका थिएँ।'

*इयची साकागासी (आर्मी हस्पिटल, हिरोसिमा)*

प्यारासुट विस्तारै तल झरिरहेको थियो। एकैछिनमा आँखा नै तिर्मिराउने खालको बिजुली चम्कियो। म भुइँमा पछारिएँ। आकाशमा अन्धकार बादल छायो। धेरै ठूलो आवाजले घरका सम्पूर्ण झ्यालढोकाहरू चकनाचुर भए। बाहिर कालो वर्षा हुन थाल्यो। पछि यो थाहा पाएँ प्यारासुट त विनाशकारी बम पो रहेछ।

*इजुमी इजुहिरी (बमबाट बाँचेकी जापानी महिला)*

उषाकालीन समय। जापानको सुन्दर सहर हिरोसिमाको आकाश पूरै सफा थियो। बादलका टाटाहरू पनि देखिँदैनथे। सूर्यको किरणसँगै चराहरूको चिर्बिराहटले वातावरण मनमोहक थियो। निद्रादेवीको प्यारो काखबाट भर्खर ब्युँझिएका मानिसहरू उज्यालो दिनसँगै नित्य कर्ममा जुटिरहेका थिए। सधैंझैं आज पनि हरेक मान्छे आआफ्नो दिनचर्याको प्रस्थानबिन्दुतर्फ लम्किरहेका थिए। कसले सोचेको थियो र एकैछिनमा हिरोसिमा आगोका लप्काहरूसँगै खण्डहरमा परिणत हुँदैछ भनेर। बमको धूवाँमा निसासिएर आगोको लप्काले भतभती पोलेर पानी पानी भन्दै मान्छेहरू छटपटाउने छन्, यस्तो कहालिलाग्दो दृश्यको कल्पना कसले गरेको थियो र ?


घटना अशोचनीय र अकल्पनीय थियो। सन् १९४५ अगस्त तारिख बिहान ७.० ९ बजे साइरन बनाउँदै 'बी २९' नामक अमेरिकी बम वर्षक विमान एक्कासि हिरोसिमाको आकाशमा देखियो। सो विमानले कुनै पनि बेला हिरोसिमामा बम बर्षाउन सक्ने समाचार रेडियोले प्रसारण गर्दै हिरोसिमाबासीलाई सतर्क गरायो। उक्त विमानले एक चक्कर लगायो आकाशमा र पुनः फर्कियो।

हिरोसीमाबासीले रेडियोको समाचारको पनि त्यत्ति विश्वास गरेनन्। केही समयपछि चुकेगु जिल्लाको मुख्य सैनिक इलाकाबाट अब हिरोसीमा खतरामुक्त भएको छ सबैजना आआफ्नो काममा लागे हुन्छ भन्ने सूचना प्रवाहित गरियो। हिरोसिमाका बासिन्दा सन्त्रासमुक्त मुद्रामा हर्षित हुँदै आआफ्ना धन्दामा जुटे। विद्यार्थीहरू विद्यालयतर्फ कृषकहरू खेततर्फ मजदुरहरू कारखानातर्फ र कर्मचारीहरू कार्यालयतर्फ लागे। नातेदारहरू आफन्तसँग भेटघाटमा लागे। सडकमा रेलगाडी, मोटरगाडी, स्कुटर र साइकलहरू दौडिन लागे। सबै मान्छेहरू पूर्ववत आफ्नो काममा व्यस्त भए।

रेडियोले खतरामुक्तको सूचना प्रसारण गरेको एक घन्टा मात्र के बितेको थियो अर्थात् ८.१५ बजे अचानक निलो र सफा गगनमा तीनवटा विमान विचलन हुन थाले। तीन विमानमध्ये एनोला गे नामको विमानबाट एउटा प्यारासुट झरेको दृश्य देखियो। उक्त प्यारासुटमा विभिन्न रंगले सजिएको एउटा गोलो वस्तु झुन्डिरहेको थियो। नानीहरू प्यारासुटतिर हेरेर रमाउन थाले। प्रायशः मानिसको नजर त्यही प्यारासुटतिरै केन्द्रित थियो। स्कुलेहरूले प्यारासुट प्यारासुट भनेर कराएको आवाज सुनेर सहरबासीहरू पनि घरको झ्याल खोलेर यो विल्कुलै नवीनतम दृश्यको अवलोकन गर्न थाले। हेल्लो शत्रुका तीनवटा ठूला विमान अहिले सेजो नगरको पश्चिम आकाशमा उडिरहेका छन्। तिनीहरू हिरोसिमातिर बढिरहेकाले पूर्व सावधान हुनु। सैनिक इलाकाबाट रेडियो स्टेशनमा तुरुन्त फोन आयो। यो खबर रेडियोबाट लगत्तै प्रसारण पनि गरियो। प्रसारण पूरा हुन नपाउँदै आकाशबाट ड्वाङ भयानक आवाज आयो। रेडियो एक्कासी बन्द भयो। मानिसहरूले के भयो भनेर अनुमान पनि गर्न सकेनन्। रेडियो स्टेसन विमानबाट प्यारासुटमा खसालिएको गोले रंगीचंगी डल्लो अर्थात् लिटर ब्वाय नामको एटम बमले क्षतविक्षत भइसकेको थियो।

५ सय ८० मिटर माथि नै उक्त बम बेजोडले पड्किएर त्यहाँबाट आगोको ज्वाला निस्कियो। सुन्दर हिरोसिमा नगरलाई एकैछिनमा भष्म बनाइदियो। २८ सेकेन्डसम्म त पूरै सहर आगोमय र रातै भएको देखियो। चारैतिर यति तातो फैलियो कि मानौं आकाशबाट हिरोसिमा प्रज्ज्वलित सूर्य नै खस्यो। त्यतिखेर त्यहाँको तापक्रम ५ हजारदेखि ६ हजार डिग्री सेल्सियससम्म पुग्यो। १ मिनेटमै १४ वर्गकिलोमिटर क्षेत्र जलेर ध्वस्त भयो। सहरका ठूला भवनहरू, कलकारखानाहरू र ऐतिहासिक स्मारकहरू हेर्दाहेर्दै खरानी भए। बाटोमा हिँडिरहेका मोटरगाडी, रेलगाडी र मानिसहरूलाई आगोको ज्वालाले हुत्याएर टाढाटाढासम्म छरियो। असह्यनीय तातोले मान्छेहरू, पशुपक्षी र अन्य वस्तुहरू धूवाँ बाफ र खरानीमा परिणत भए।

सो बमबाट तत्कालै एक लाख नागरिकको मृत्यु भएको थियो। साथै उक्त बमको असरका कारण सो वर्षको डिसेम्बर महिनासम्ममा १ लाख ४४





हजार नागरिकको ज्यान गएको थियो। तर अधिकारीहरूले उक्त समयमा हजारौं नागरिक हराएकाले त्योभन्दा बढीको मृत्यु भएको अनुमान गरेका छन्।

दोस्रो विश्वयुद्धको अन्त्यतिर भएको सो घटनाको तीन दिनपछि पुनः अर्थात् अगस्ट ९ तारिखमा जापानको अर्को सहर नागासाकीमा पनि अमेरिकाले नै बम खसालेको थियो। उक्त बम हमलामा परी ७० हजार नागरिकको ज्यान गएको थियो। दोस्रो विश्वयुद्धमा जापान र अमेरिका दुई प्रतिद्वन्द्वी राष्ट्र थिए। सन् १९४१ देखि १९४५ सम्म दोस्रो विश्वयुद्ध भएको थियो। यी दुई हमलापछि जापानले अमेरिकासँग आत्मसमर्पण गरेको थियो। त्यसलगत्तै दोस्रो विश्वयुद्धको अन्त्य भएको थियो। यो आक्रमणसँगै अमेरिका विश्वको ठूलो शक्तिको रुपमा उदाएको हो।

सबै डढेर काला ठुटाझैं देखिए। 'आगोले पोल्यो बचाऊ बचाऊ' पानी पानी, म पानी पिउँछु' भन्दै मानिसहरू चिच्याएर यत्रतत्र दौडिन थाले। पोलेको शरीरलाई चिस्याउन भौतारिँदै खोलामा डुबेका मानिसहरू धेरैजसोलाई खोलाले नै बगायो, खोलाको पानी पनि अत्यधिक तातेर भकभक उम्लिरहेको थियो।

डढेका वस्तु, रक्ताम्मे लासहरू नदीमा बग्न थाले। खोला, पोखरीका माछा गोहीहरू पानीबाट उफ्रिन खोज्दै किनारमा पछारिएर भटाभट मर्न थाले। मान्छेहरू विरुप देखिए। कसैको हात चुँडिए त कसैको गर्धन। शरीरका विभिन्न अंगहरू उछिट्टिएर टाढाटाढासम्म पुगेका थिए। पग्लिएको सिसा र अन्य धातुमा मान्छेका अंगहरू टाँसिएका थिए। केही समयमै बाक्लो बादल र धूवाँले सूर्यलाई ढपक्कै ढाकिदियो।

सर्वत्र दिउँसै अन्धकार छायो। हावाको भूमरी उठ्यो अनि मुसलधारे रेडियोधर्मी वर्षा सुरु भयो। कालो हिलोझैं बर्सिएको अत्यन्त चिसोपानी यो पानीमा पर्नेहरू सबै काला बन्न पुगे। विकिरणका कारण उनीहरू तालुखुइले भए। जजसले बम खसेको दृश्य हेरे उनीहरू सबै अन्धा भए। तत्कालै मर्नेहरू त दुःखबाट बरु पार पाए। बम खसेको केन्द्रबाट १२ देखि १४ किलोमिटर टाढा बस्नेहरू अणुबमको विकिरणबाट जोगिन सकेनन्। उनीहरूमध्ये कतिको शरीरको बाहिरी भाग कालो भएर डढ्न पुग्यो। कत्तिको शरीरको छाला प्याजको बोक्राजस्तै उप्कियो। ज्यादा तातोका कारण मानिसले लगाएका लुगाको छाप नै शरीरमा बस्यो। कसैको लुगा शरीरमै जल्न थाले। रेडियो विकिरणले कयौंको यौनांग डढेर नष्ट हुँदा र कपाल समेत एउटै नरही झर्नाले आईमाई हो कि स्वास्नीमान्छे छुट्याउन गाह्रो भयो।

केही दिनपछि रेडियोधर्मिताको सिकार भएका हिरोसिमाका बासिन्दालाई क्यान्सरको लक्षण देखा पर्न थाल्यो। हिरोसिमा सहरदेखि ६०।६२ किमिसम्म रहेका अन्य नगरबासीले पनि एटमबम पड्किएको आवाज सुनेर जबर्जस्त धक्काको महसुस गरेका थिए। सिसाका टुक्रा र धारिला वस्तुहरू उछिट्टिएर मानिसहरू घाइते बने।


बम विस्फोट भएको २० मिनेट पछाडि कालोबादलको मुस्लोले आकाश ढाक्यो र बिहान ९ बजेदेखि साँझ ४ बजेसम्म लगातार कालो वर्षा भइरह्यो। हिरोसिमाको उत्तरको कावे क्षेत्र र पश्चिमको कोइ र तकासु क्षेत्रमा घनघोर वर्षा भयो। वर्षाको मात्रा दुई घण्टाभित्र ५० देखि १०० मिलिमिटरसम्म रह्यो। सल्किइरहेको आगो यो पानीले केही मत्थर त भयो हिलो र अलकत्रा जस्तो पानीको असर अझ भयानक बन्यो। बम विस्फोटबाट बाँचेकी मिचिकी यातातावे त्यस बेलाको क्षण सम्झिँदै भन्छिन्- घाइतेहरू समेत कमजोर भएका थिए कि, उनीहरूमा आफ्नो शरीरमा लागेका काला झिँगा समेत धपाउने शक्ति थिएन। बम वर्षापछि हिरोसिमामा ठूलाखाले काला झिँगाहरू असाध्य उत्पत्ति भए र छाला उप्किएका बिरामीको शरीरमा भन्किन थाले। कति मान्छेहरू बम पड्किएपछि हिजियामा पार्कमा भागेर ज्यान बचाउन सफल पनि भएका थिए। युजिना बन्दरगाहमा घाइतेहरूको भीड बढेको देखिन्थ्यो।

आधा शरीर डढेका मानिसहरू आकी, असार, सेकी जस्ता बस्तीहरूमा गएका थिए। यो संख्या झन्डै ५० हजारभन्दा बढी थियो। रेडक्रस, हस्पिटल, आर्मिहस्पिटल, मित्सुविसी हस्पिटल जस्ता उपचार केन्द्रहरूमा पचासौं हजार घाइतेहरू थुप्रिन थाले। सहरका १ सय ६५ डाक्टरमध्ये ७० जना बम विस्फोटमा परेका थिए भने बाँकी शरीर डढेर काम नै गर्न नसक्ने भए। नर्सहरूको अवस्था पनि त्यस्तै थियो। धेरैजसो घाइतेहरू उपचारबिना नै त्यसै मर्न पुगे। ७७ हजार घरहरू भएको हिरोसिमा सहरमा मुश्किलले ६ हजार घरमात्र जोगिएका थिए।

*(स्रोत : द स्टोरी अफ हिरोसिमा एन्ड नागासाकी– हिरोसिमा पिस रिडर)*

## केही विश्व चर्चित व्यक्तित्वहरू

### डा. मार्टिन लुथर किङ




अमेरिकी निग्रो नेता जसे निग्रो जातिको नागरिक अधिकारको लागि संघर्ष गर्दै, अमेरिकन गान्धीको नामले बोलाइने यिनलाई ६८ मा गोराद्वारा हत्या गरियो।

### लियोनार्दोदा भिन्ची




विश्व प्रसिद्ध इटालीका शिल्पी वैज्ञानिक पेन्टर तथा इन्जिनियर जसले विश्व विख्यात मोनालिसाको पेन्टिङ गरेका थिए।

### पावलो पिकासो



स्पेनका संसार प्रसिद्ध चित्रकार जसले क्युबिजम कलाको आविष्कार गरेका थिए।

### माइकल एन्जिलो




इटालीको विश्व प्रसिद्ध कवि, संगीतकार, चित्रकार तथा आफ्नो जमानाका महानतम कलाकार थिए यिनी।

### पेले



विश्वका चर्चित फुटबल खेलाडी पेलेले फुटबलमा ब्राजिललाई विश्वकप दिलाए। ब्राजिलमा उनले मन्त्रीको जिम्मेवारी समेत पाएका थिए। पेलेलाई पछि अर्जेन्टिनाका डिएगो म्याराडोनाले केही ओझेलमा पार्न सफल भएका थिए।

### माइकल ज्याक्सन




विश्व प्रसिद्ध अमेरिकी पप गायक जसको आज पनि करोडौं प्रशंसक जिउँदै छन्। उनको सन् २००९ मा असामयिक निधनले विश्वभर निकै चर्चा पायो।

### सचिन तेन्दुलकर



विश्वविख्यात भारतीय क्रिकेटर सचिन तेन्दुलकरले विश्व क्रिकेटमा अब्बल रेकर्डहरू कायम गरेका छन्। उनलाई रेकर्डहरुको बादशाह पनि भनिन्छ। उनको मैनको पुत्ला बेलायतको तुसाद म्युजियममा राखिएको छ।

### म्याडोना




संसार प्रसिद्ध अंग्रेजी पप गायिका तथा हरेक दिलहरूको धड्कन पनि भन्ने गरिन्छ। जसको आज पनि चर्चा कुनै सोह्र वर्षे तरुनीको भन्दा कम छैन।

### मोहम्मद अली




विश्वप्रसिद्ध मुक्केबाज जसको रेकर्डको मुकाबला आजसम्म कसैले गर्न सकेको छैन।

### सद्दाम हुसेन




इराकका एक जमानाका संसार हल्लाउने व्यक्ति जसलाई पछि अमेरिकाको इशारामा फाँसीको उपहार दिइएको थियो। जसको अन्त्य इराकको तेलको खेलमा गरियो।

### अमिताभ बच्चन




विश्व प्रसिद्ध भारतीय कलाकार जसको कलाको जादु संसारभर छरिएको छ, अनि उनको मैनको पुत्ला ब्रिटिस म्युजियममा सम्मानपूर्वक राखिएको छ।

### महात्मा गान्धी



विश्व प्रसिद्ध अहिंसावादी नेता जसले संसारलाई एक नयाँ दिशा दिएर गएका छन्।

### मदर टेरेसा




विश्वप्रसिद्ध सामाजिक कार्यकर्ता जसको नाममा हाल पनि हजारौं च्यारिटेवल संस्थाहरू कार्यरत छन्।

### बाराक ओबामा



अमेरिकाका हालका पहिलो अश्वेत राष्ट्रपति तथा सन् २००९ को शान्तितर्फको नोबेल पुरस्कार प्रदान गरिएको उनलाई विश्वले कसिलो नेताको रुपमा हेरेको छ।


### ओसामा बिन लादेन



विश्वकुख्यात डरलाग्दो आतंकवादी। उनलाई अमेरिकाले पाकिस्तान गई सन् २०११ मा मारेको हो। सम्भवत संसारमा सबैभन्दा बढी खोजी गरिएको आतंकवादी।

प्रेरक

## प्रतिभाको परख



यो घटना त्यो बेलाको हो, जब भारत अंग्रेजको गुलाम थियो। ग्लालियरको भिक्टोरिया स्कुलमा एउटा किशोर छैटौं कक्षामा पढथ्यो। पढ्नुका साथसाथै ऊ खुब लगनले खेल्थ्यो। पढाइमा ऊ जति तेज थियो त्योभन्दा तेज ऊ खेल्नमा थियो। खेल्न पाएपछि ऊ संसार बिर्सिएर त्यसैमा तल्लिन हुन्थ्यो।

त्यो स्कुलका प्रिन्सिपल एकजना अंग्रेज थिए। उनी अत्यन्तै रिसाहा र अनुशासनप्रिय हुँदाहुँदै पनि प्रतिभाका पारखी थिए। उनी आफ्ना विद्यार्थीको प्रतिभा पहिचान गरेर त्यसको उचित कदर गर्न कहिल्यै पछि पर्दैनथे।

एकदिन उनको स्कुल छेउको घरबाट एकजना अंग्रेज सज्जन रिसले रातोपिरो भएर आए। उनी तीनै केटा जो खेल्न पाएपछि संसार बिर्सिन्थे, उसैका बारे ती अंग्रेज प्रिन्सिपलसँग गुनासो गर्न आएका थिए। रिसाउँदै उनले भने- 'हेर्नोस, प्रिन्सिपल सर, तपाईंको स्कुलको एउटा विद्यार्थीले हक्कीको बल यति जोडले हान्यो कि मेरो घरको पर्खाल नै चर्कियो। त्यस्तो उद्दण्ड विद्यार्थीलाई तपाईंले तत्काल विद्यालयबाट निष्काशन गर्नुपर्‍यो। त्यस्तो बदमास विद्यार्थीलाई स्कुलमा राखिराख्नु भयो भने भोलि अझै के के उपद्रव गर्ने हो। उनको उजुरी सुन्नासाथ प्रिन्सिपलले त्यस विद्यार्थीको विषयमा खोजबिन गरे। आखिर त्यस विद्यार्थीलाई उनको अगाडि ल्याइयो। प्रिन्सिपलले उनलाई देखेर मुस्कुराए। उसलाई कडा सजाय दिनुको साटो उनले त्यस विद्यार्थीको ढाड थपथपाउँदै उनलाई एउटा हकी र एउटा बल पुरस्कारका रुपमा दिएर थप उत्साहसाथ आफ्नो खेललाई निरन्तरता दिन होस्याए। बाल्यकालमा ती प्रिन्सिपलले जुन केटालाई प्रोत्साहन गरेका थिए, उनी पछि भारतीय हकी टिमका कप्तान रुप सिंहका रुपमा परिचित भए।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

कामना पूर्ण हुनेछ र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। नयाँ कामतर्फ विशेष अवसर प्राप्त हुनेछ। पहिलेको सफलताले पनि हौसला जगाउनेछ। व्यापारमा फाइदा हुनेछ। प्रेम र मित्रताको बन्धन पनि कसिनेछ। परम्परालाई समयसापेक्ष सुधार गर्न सफल भइनेछ।

### वृष

भैपरी आउने समस्याले फजुल खर्च बढाउन सक्छ। अर्थ अभावको स्थिति रहनेछ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। व्यवसायमा लगानी बढाउनुपरे पनि कर्जामार्फत धन जुटाउन सकिनेछ। प्रयत्न गर्दा यात्राको प्रक्रिया अघि बढ्नेछ। व्यवहारमा आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ। केही अवसर प्राप्त भए पनि लगानी सदुपयोग गर्न नसकिएला।

### मिथुन

आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। आम्दानीले उत्साह जगाउनेछ। श्रमको उचित मूल्य पाइनेछ। व्यापारमा फड्को मार्ने समय छ। जिम्मेवारी समेत बढ्नेछ। तर हातबाट लक्ष्मी बाहिरिने सम्भावना देखिएकाले कर्जा र उधारो व्यापारमा चनाखो रहनुपर्नेछ। नियमित काममा फाइदा भइरहनेछ। अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ।

### कर्कट

राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ। पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ। सामाजिक नेतृत्व मिल्नेछ। व्यापारमा फाइदा हुनेछ। प्रतिष्ठित कामले लोकप्रियता दिलाउनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

### सिंह

विशेष अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ। टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ। भाग्यले विभिन्न अवसर थमाउनेछ। लोकप्रियताले पदीय जिम्मेवारी दिलाउनेछ। अध्यात्मभाव जागृत हुनाले परोपकारमा मन जानेछ। धेरैले कामको तारिफ गर्नेछन्। शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त होला। मिहिनेतले दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

### कन्या

परिबन्धले समस्या निम्त्याउन सक्छ। गोपनीयता बाहिरिनाले समस्या पर्नेछ। स्वास्थ्यका लागि आहारविहारमा विशेष ध्यान पुर्‍याउनुहोला। चुनौतीभित्र अवसर खोज्ने समय छ। जटिल काममा पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। मिहिनेत गर्दा अप्ठ्यारो परिस्थितिमा पनि केही काम बन्नेछन्। आयस्रोत केही कमजोर रहनेछ र फजुल खर्च पनि बढ्न सक्छ।

### तुला

व्यवहारमा मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। कामको चापबाट फुर्सद पाइनेछ। रमाइला ठाउँको भ्रमण गर्ने साइत जुर्न सक्छ। परिवारजनको साथले नयाँ कामतर्फ आकर्षित भइनेछ। मिहिनेत गर्दा छोटो समयमा पनि फाइदा उठाउन सकिनेछ। व्यवसायले मनग्य आम्दानी दिलाउनेछ। वादविवादबाट भने अलि सतर्क रहनुहोला।

### वृश्चिक

रोकिएका काम पुनः प्रारम्भ गर्न सकिनेछ। द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ। आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला, दिगो फाइदा हुने काम गर्न सकिनेछ। स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित हुनेछ। व्यापार बढ्नेछ। केही खर्च लागे पनि यात्राको अवसर प्राप्त हुनेछ। पारिवारिक चिन्ताले सताउनेछ। आर्थिक समस्यासँग जुध्नु पर्नेछ।

### धनु

प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। अध्ययनमा समय दिन नसकिएला। अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ। तापनि पछि लाभ हुने काम प्रारम्भ हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ। थोरै भए पनि दिगो लाभ हुने काम प्रारम्भ हुनेछ। यात्रा गर्ने अवसर जुट्न सक्छ।

### मकर

समय केही असहज बन्नाले सामान्य कामलाई पनि धेरै मिहिनेत गर्नुपर्ला। साइनो गाँस्नेहरूले अरूका काममा फसाउन सक्छन्। मिहिनेतअनुसार लाभांश कम मात्र प्राप्त हुनेछ। इष्टमित्र र शुभचिन्तकहरूसँग सुमधुर सम्बन्ध बनाइराख्नुहोला। काम अड्किए पनि लाभांश प्राप्त भइरहनेछ। ईर्ष्या गर्नेहरूले दुःख दिनेछन्। परिवारमा पनि असमझदारी देखापर्ने समय छ।

### कुम्भ

मिहिनेत गर्दा उद्योग र व्यापारमा फाइदा उठाउन सकिनेछ। नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ। लगानी गर्दा व्यवसायमा मनग्य धनलाभ हुनेछ। पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ। कमजोर नतिजा सच्याउन काम दोहोर्‍याउनुपर्ला।

### मीन

तीखो वाणीले लोकप्रियता गुम्न सक्छ। व्यर्थ विवादले शुभचिन्तकहरू टाढिन सक्छन्। आफ्नै व्यवहारप्रति पछुतो लाग्न सक्छ। तापनि प्रयत्न गर्दा विगतका कमजोरी सच्याउन सकिनेछ। मिहिनेतले मानसम्मान दिलाउनेछ। अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक क्षमतामा निखारता आउनेछ। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Orthography = सही उच्चारण English orthography is difficult to master अंग्रेजी उच्चारणमा निपुण हुनु गाह्रो कुरा हो।

Permeable = छिर्ने, चुहिने, पस्ने, सोस्ने Cotton is a permeable fabric so that it easily absorbs sweat, water or any other type of liquids सुती कपडाले पसिना, पानी लगायतका कुनै पनि झोल पदार्थ सोस्दछ।

Quizzical = उत्सुक। हस्यौली पाराबाट थाहा पाउन चाहने प्रवृत्ति He is very quizzical in his behavior उसको हाँसी हाँसीकन अरुको कुरा जान्न चाहने बानी छ।

Relegate = तल्लो दर्जामा सरुवा गर्ने। घट्वा गर्ने Owing to the lower performance, their football club was relegated to 'B' Division नराम्रो प्रदर्शनको कारण तिनीहरूको फुटबल क्लबलाई बी डिभिजनमा झारियो।

Scrupulous = गहनरुपले लाग्ने बानी Although he is scrupulous at his duty, he is not that much conscientious about the obligations to his family and friend आफ्नो कामप्रति गहनरुपले लाग्ने भए पनि ऊ परिवार र मित्रहरूप्रतिको आफूले निर्वाह गर्नुपर्ने कर्तब्यप्रति त्यति उत्साहित छैन।

Transient = धेरै समय नरहने। क्षणिक His happiness following his success in the written examination turned transient when he knew that he was not selected for the position after interview जब उसले पदका लागि आफू नछानिएको थाहा पायो तब लिखित जाँचमा पास भएको कारण आएका उसका खुसीहरू सबै हावाको झोक्काझैं क्षणिक बन्न पुगे।

Ursine = भालुको जस्तो Panda is regarded as bear for its ursine appearance भालुको जस्तो मुख भएको कारण पाण्डालाई पनि भालुकै श्रेणीमा राखिन्छ।

Vantage = फाइदाजनक स्थिति। अवसर The seat in the first row is a vantage for those watching magic पहिलो लहरको सिटमा बसेर जादु हेर्न पाउनु पनि एक अवसर नै हो।

Wan = थकित। पहेंलिएको अनुहार, कमजोर A wan light of winter's morning can not be warm हिउँदको बिहानको अपारिलो घामले न्यानो दिँदैन।

Yank = झट्कारनु। स्वार..र She yanked the bedclothes off and jumped up the bed तन्नालाई झट्कारेर स्वार्र..र तानी तिनले ओछ्यानमाथि फाल हालिन्।

## Bring बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Bring something off = सल्ट्याउनु The problem was complicated however we brought it off समस्या जटिल थियो जे होस हामीले सल्ट्यायौं।

Bring somebody on = सघाउनु When we knew her she had no idea to work but we brought her on and made perfect जुन बेला हामीले उनलाइ चिन्यौं उनी काम गर्ने जान्दिनथिइन तर हामीले उनलाई सघायौं र पुरै काम गर्न जान्ने बनायौं।

Bring something on oneself = आफ्नै लागि केही बनाउनु The way he spoke yesterday brought shame on himself हिजो उसले जसरी बोल्यो त्यसले ऊ आफैंलाई लज्जित बनायो।

Bring somebody out = आन्दोलित हुनु The misbehaviour on the part of management brought the workers out ब्यवस्थापनको दुर्व्यवहारले गर्दा कामदारहरू आन्दोलित भए।

Bring something out = प्रकाशन गर्नु This year our school will bring a newsletter out यो वर्ष हाम्रो विद्यालयले एक समाचार पत्रिका प्रकाशन गर्ने छ।।

Bring somebody out in something = कसैलाई गर्न बाध्य पार्नु The heat brought me out in a drowsy state गर्मीले मलाई उम्ने अवस्थामा ल्याइदियो।

Bring somebody over = कतैतिर लाग्नु The unemployment in Europe brought him over to USA युरोपमा भएको बेरोजगारीको कारण ऊ अमेरिकातर्फ लाग्यो।

Bring somebody round = होसमा फर्कनु We brought round the lady fainted with a glass of cold water एक ग्लास चिसो पानीले हामीले मुर्छा परेकी महिलाको होस फर्कायौं।

Bring somebody through = निको तुल्याउनु He was very ill but the doctor brought him through well उ धेरै बिरामी थियो तर डाक्टरले उसलाई राम्रै निको तुल्याइदियो।

Bring somebody under = नियन्त्रणमा लिनु The army brought efficiently the rebels under सैनिकले विद्रोहीहरूलाई डटेरै नियन्त्रणमा लियो।

Bring somebody up = हुर्काउनु Bringing the children up is not an easy task बच्चाबच्चीहरूलाई हुर्काउनु सजिलो काम होइन।

### सुडोकु–अंक २७०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३ | | | ९ | ६ | | | |
| ५ | | | | | ८ | | ९ | |
| ६ | ९ | | ५ | | | | १ | |
| २ | | ५ | | | | ४ | ३ | |
| ७ | | | | | | | | |
| | ६ | ३ | | | | ७ | | ९ |
| | ७ | | | | १ | | ८ | ३ |
| | ५ | | ८ | | | | | ७ |
| | | | ४ | ३ | | | २ | |

### अंक २६९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ९ | ४ | १ | ५ | ६ | ७ | ३ | ८ |
| ८ | ६ | ३ | २ | ४ | ७ | ५ | ९ | १ |
| ७ | १ | ५ | ९ | ८ | ३ | ४ | २ | ६ |
| १ | ३ | २ | ८ | ९ | ४ | ६ | ७ | ५ |
| ९ | ८ | ६ | ३ | ७ | ५ | २ | १ | ४ |
| ५ | ४ | ७ | ६ | १ | २ | ३ | ८ | ९ |
| ४ | २ | ९ | ७ | ६ | १ | ८ | ५ | ३ |
| ३ | ५ | ८ | ४ | २ | ९ | १ | ६ | ७ |
| ६ | ७ | १ | ५ | ३ | ८ | ९ | ४ | २ |

## समाचार

# जनआकाश साप्ताहिक १५ औं वर्षमा




जनआकाश साप्ताहिकले १५ औं वार्षिकोत्सव मनाएको छ। उक्त अवसरमा जनआकाश साप्ताहिकका प्रधान सम्पादक मोहन कार्कीद्वारा रचित आउ न साथी आउ बोलको गीत लोकापर्ण तथा विभिन्न क्षेत्रका स्रष्टालाई सम्मान समेत गरेको थियो। सूचना तथा सञ्चार प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीको प्रमुख अतिथ्यतामा भएको कार्यक्रममा विभिन्न क्षेत्रका वक्ताहरूले पत्रकारको हकहितका लागि राज्यको ध्यान अझै प्रभावकारी हुन नसकेको औंल्याएका थिए।

कार्यक्रममा विभिन्न विधामा राष्ट्रलाई योगदान पुऱ्याउने व्यक्तित्वहरू सम्मानित भएको र सम्मानित सबैलाई बधाई प्रमुख अतिथिले दिएका थिए। यो सरकार सधैं पत्रकारमैत्री हुने र पत्रकारको हकहितको लागि सबै तवरबाट काम गरिनै रहेको र स्वरोजगारमुखी पत्रकारहरूको बारेमा सरकारले विशेष ध्यान दिने कुरा पनि मन्त्री कार्कीले गरेका थिए।

जनता र सरकारबीचको सम्बन्धलाई मजबुत बनाउने एउटै मात्र समन्वयकारी निकाय भनेको पत्रकारिता नै हो। राज्यको चौथो अंगको रुपमा रहेको मिडिया समस्यालाई उजागर गर्ने निमुखाहरूको आवाजलाई बोल्ने काम पनि पत्रकारिताले नै गर्ने हुनाले समाज रुपान्तरणको लागि मिडियाको ठूलो रोल हुने मन्त्री कार्कीले बताए।

कार्यक्रममा कलाकार, पत्रकार लगायतका व्यक्तित्वहरूलाई सम्मान गरी समाजमा दबिएको आवाज बाहिर ल्याउन यो सम्मानले थप ऊर्जा थपेको कुरा सम्मानित व्यक्तित्वहरूले बताए। कार्यक्रममा सहभागी सबैलाई जनआकाश साप्ताहिकको तर्फबाट मायाको चिनो प्रदान गरिएको थियो। निमुखा कमजोर वर्गको आवाज बोल्ने काम सधैं जनआकाशले गरिनै रहेको र निरन्तर गरिरहने कुरामा विश्वस्त हुनका लागि जनआकाशका प्रधान सम्पादक मोहन कार्कीको भनाइ थियो।

जनआकाश पत्रिकालाई आजको अवस्थामा ल्याउनका लागि विभिन्न क्षेत्रबाट भरपुर सहयोग भएको भन्दै राज्यले पनि लोकल्याणकारी विज्ञापनमा विचार गर्नुपर्ने भनाई राखेका थिए। कार्यक्रममा पत्रकार महासंघका केन्द्रीय सदस्य शान्तराम विडारी पत्रकार महासंघ काठमाडौंका अध्यक्ष सुर्य सुवेदीलगायतले मन्तव्य राखेका थिए।

# अर्थतन्त्र ओरालोतिर

काठमाडौं। गत आर्थिक वर्षमा मुलुकको अर्थतन्त्रका अधिकांश सूचकांक विग्रँदो अवस्थामा पुगेका छन्। आर्थिक वर्ष २०७८/७९ मा चालू खाता ६ खर्ब २३ अर्ब ३३ करोड रुपैयाँ ले घाटामा रहेको छ। अघिल्लो वर्ष चालु खाता ३ खर्ब ३३ अर्ब ६७ करोडले घाटामा रहेको थियो।

गत आर्थिक वर्षको १२ महिनामा कुल वस्तु व्यापार घाटा २३ प्रतिशतले वृद्धि भई १७ खर्ब २० अर्ब ४२ करोड पुगेको छ। निर्यातआयात अनुपात १० दशमलव ४ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ९.२ प्रतिशत मात्र रहेको थियो। नेपालको निर्यात व्यापार कमजोर र आयातमा भएको बढोत्तरीका कारण व्यापार घाटा बढेको हो।

गत आर्थिक वर्षमा शोधनान्तर स्थिति २ खर्ब ५५ अर्ब २६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति १ अर्ब २३ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष ३१ लाखले घाटामा रहेको शोधनान्तर स्थिति १ वर्षमा २ अर्ब १४ करोडले घाटामा रहेको छ। आयातबाट विदेशी मुद्रा बाहिरिने बढी र विदेशी मुद्राभित्रिने क्रममा कमी भएका कारण शोधानान्तर घाटा भएको हो।

रेमिट्यान्सबाट, पर्यटकको आगमनबाट र गैरसरकारी संघसंस्थाबाट भित्रिने विदेशी मुद्राको कमीका कारण नेपालमा विदेशी मुद्राको सञ्चिति पनि घटिरहेको छ। सरकारले विदेशी ऋण र अनुदानबाट विदेशी मुद्रा आर्जन गर्न नसकेका कारणले पनि शोधानान्तर र विदेशी मुद्रामा मुलुकलाई दबाब पर्दै आएको छ।

अर्थतन्त्रका सूचकांक बिग्रँदो स्थितिमा जाँदै गर्दा चालू खाता घाटा र शोधनान्तर घाटा करिब एक वर्षको अवधिमा थप गहिरिएको छ।

२०७९ असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति १३ खर्ब ३० अर्ब ६५ करोड तथा दायित्व १५ खर्ब ८८ अर्ब २७ रुपैयाँ करोड रहेको छ। फलस्वरूप, खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति २ खर्ब ५७ अर्ब ६२ करोडले घाटामा रहेको छ। २०७८ असारमा खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति ८० अर्ब १२ करोडले बचतमा रहेको थियो। आर्थिक वर्ष २०७८-७९ को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ७ दशमलव ८ महिनाको वस्तु आयात र ६ दशमलव ९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिएको नेपाल राष्ट्र बैंकले जनाएको छ। २०७९ असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपात क्रमशः २५.१ प्रतिशत, ५७.८ प्रतिशत र २२ दशमलव१ प्रतिशत रहेका छन्। २०७८ असार मसान्तमा यी अनुपात क्रमशः ३२ दशमलव ७ प्रतिशत, ८४.७ प्रतिशत र २७.१ प्रतिशत रहेका थिए।

गत आर्थिक वर्षमा पुँजीगत ट्रान्सफर ३४.५ प्रतिशतले कमी आई ९ अर्ब ९९ करोड पुगेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ४ दशमलव ९ प्रतिशतले कमी आई १८ अर्ब ५६ करोड कायम भएको छ। अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर १५ अर्ब २६ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी १९ अर्ब ५१ करोड रहेको थियो। गत वर्ष शोधनान्तर स्थिति २ खर्ब ५५ अर्ब २६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति १ अर्ब २३ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष ३१ लाखले घाटामा रहेको शोधनान्तर स्थिति समीक्षा वर्षमा २ अर्ब १४ करोडले घाटामा रहेको छ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७८ असार मसान्तमा १२ खर्ब ४४ अर्ब ६३ करोड रहेकोमा २०७९ असार मसान्तमा १५ दशमलव १ प्रतिशतले कमी आई १० खर्ब ५६ अर्ब ३९ करोड कायम भएको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक)सँग रहेको विदेशी विनिमय सञ्चिति २०७८ असार मसान्तमा १ खर्ब ५४ अर्ब ३९ करोड रहेकोमा २०७९ असार मसान्तमा ३ दशमलव २ प्रतिशतले वृद्धि भई १ खर्ब ५९ अर्ब ४१ करोड पुगेको छ। २०७९ असार मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३ दशमलव ६ प्रतिशत रहेको छ।

गत आर्थिक वर्षमा मूल्यवृद्धि दर दोब्बर भएको तथ्यांकले देखाएको छ। नेपाल राष्ट्र ब्यांकले साउन ३१ गते सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार बितेको आर्थिक वर्ष २०७८/७९ मा वार्षिक औसत उपभोक्ता मूल्यवृद्धि दर ६ दशमलव ३२ प्रतिशत पुगेको छ।

गत आर्थिक वर्षमा नेपालले ३ खर्बको वस्तु निर्यात गरेको छ। भने १९ खर्ब २० अर्बको वस्तु आयात गरेको छ।। अर्थात्, एकै वर्षमा नेपालले वैदेशिक व्यापारमा १७ खर्ब २० अर्ब घाटा बेहोरेको छ। नेपाली अर्थतन्त्र चलायमान बनाउन भूमिका खेल्दै आएको रेमिट्यान्सको आप्रवाह गत वर्ष सामान्य बढेको छ। बितेको वर्ष नेपालमा १० खर्ब ७ अर्ब (८ अर्ब ३३ करोड अमेरिकी डलर) भित्रियो। रेमिटेन्स १० खर्ब नाघेको पहिलोपटक हो।

# EXPLOITS SHINING IN THE HISTORY OF THE VICTORIOUS WAR

Respected Comrade Kim Jong Un Makes Speech at Celebration of 69th Anniversary of Great Victory in War

Pyongyang, July 28 (KCNA) -- The respected Comrade Kim Jong Un made a speech "The Veterans of the Fatherland Liberation War Are the Most Heroic Generation of Our Republic" at the celebration of the 69th anniversary of the great victory in the War on July 27.

The following is the full text of his speech:

Esteemed comrade veterans of the Fatherland Liberation War,

Comrade lecturers and officials engaged in the administration of revolutionary relics associated with the victorious war, service personnel and students of universities and revolutionary schools present in this meaningful place with the revolutionary elders,

Dear Pyongyang citizens,

Dear all the other people,

Comrades,

This is the victorious July 27, which we have greeted again with a feeling of great pride and with precious memories.

Although as many as 25 203 days have passed since the birth of the epoch-making miracle, the delight in and glory of victory in the war are just as those of yesterday. As we have felt these feelings every year, our emotion and pride are also infinite again today.

Comrades,

I warmly congratulate you on the great Victory Day that brought imperishable glory and honour to our motherland.

Esteemed comrade war veterans,

The country's situation is difficult and recently we have experienced a public health crisis, but until today you have maintained sound in your precious bodies. I am very grateful for this.

Thank you, indeed.

Comrades,

At this moment the whole country is recollecting the glorious lives of the martyrs of the Korean People's Army and other revolutionary martyrs who dedicated their youth and lives in defence of the sovereignty and honour of their motherland, and is paying an ennobling tribute, praying for the immortality of their great souls and spirit.

Countless war martyrs, both sung and unsung, have left us and many war veterans are not with us in this place, but they all live in the embrace of the country they defended at the cost of their blood and lives, and they are greeting the glorious night with us at this moment.

Hoping that you, comrade war veterans, will live in good health and the conference of war veterans as glorious as this one will be held continuously, I, on behalf of the Workers' Party of Korea and the government, pay a noble tribute to the victors in the 1950s, who gave our people the privilege and infinite honour of celebrating the great victory in the war year after year, and extend warm greetings to the war veterans and other people of wartime merits across the country, who laid the foundation of the existence and development of our socialist state and are still giving us an encouragement as a spiritual pillar.

My gratitude also goes to the family members of the war veterans and to all others who are devoting their efforts and sincerity for the preservation of health and the living of the war veterans.

Availing myself of this opportunity, I pay a noble tribute to the martyrs of the Chinese People's Volunteers, who shed their precious blood without hesitation sharing the same destiny as our soldiers and people in the same trench against the imperialists' aggression. I also send warm greetings to the veterans of the Chinese People's Volunteers.

Comrades,

Of all the meaningful and auspicious holidays of our state, July 27 is an extraordinarily dignified holiday in that we celebrate victory.

For every country and people, there is no other proud and brilliant glory and honour than the victory in a do-or-die war.

The past Fatherland Liberation War was, for our Republic, a war for defending the existence of its territory and people, as well as a fierce confrontation, the first of its kind after the Second World War, between the two poles, the democratic camp and the imperialist camp.

The fact that the US imperialists hurled not only their troops but also a large number of troops of their vassal states to the Korean front shows the fierce nature and international character of the Korean war.

The fight by the young army of the newly-emergent, two-year-old Republic against the imperialist aggressive army of the United States, which was the most ferocious on the earth, and its vassal forces was the one against too heavy odds.

However, as etched in history correctly, the arrogant aggressive ambition of the United States to occupy our territory at a stroke and expand the sphere of its influence met at its first step an unprecedentedly strong counterattack and terrific bravery and was completely frustrated with the signing of an armistice agreement after their three-year desperate war.

The military capability of the US imperialists and their allies sustained a serious defeat in this war.

We defended the dignity, honour and sovereignty of our Republic, safeguarded the environment for the peaceful development of our state, checked the US ambition for world supremacy, and defended peace of mankind by preventing a new world war. Herein lies the great significance of the Fatherland Liberation War in the history of our nation and the world history of wars.

The great victory in the Fatherland Liberation War, in which we staunchly defended the most dangerous first line of the anti-imperialist struggle in an eastern part of the earth, is a victory of defenders over aggressors, a victory of justice and the progressive over injustice and the reactionary, and a victory of significance in human history, which proved the iron truth that no aggressors, however strong and superior they may be, cannot overwhelm an army and people that have turned out in a do-or-die resistance.

Those who wrought this legendary miracle are none other than you, war veterans present here, and the numerous comrades-in-arms you still recollect.

The numerous battles the brave defenders of the country fought under the hail of bullets and bombs in the war produced the priceless glory of victory, and the flag of our Republic, which they held in the vanguard of advance and which became redder by the precious blood of the sons and daughters of heroic Korea, became known to the whole world as a symbol of bravery, victory and justice and as an immortal banner of the anti-imperialist struggle.

Comrades,

The unyielding spirit of the war veterans, who unhesitatingly rose to the crisis of a life-or-death war in the grim times of the country, is felt more valuable now when the country is experiencing difficulties.

As everyone knows well, the veterans of the Fatherland Liberation War were quite ordinary young men and women, but they were laudable sons and daughters of the nation who were not ordinary at all in the battles for defending their country.

Simple as they were at workplaces and schools, they were courageous enough to volunteer to join the army and confront the aggressive army of the US imperialists. This was because they had a firm belief in their Party and government and a conviction that they would surely emerge victorious, as well as a strong will to safeguard their rights as the masters of their new country and new life.

With the love for their benevolent system, native homes, workplaces, parents and siblings and with the hatred against the enemy who were trying to deprive them of these all, our war veterans stoutly surmounted grim trials and heartrending pains of loss and displayed unequalled mass heroism, striking terror and despair into the hearts of the brutal and heinous invaders.

Our great Fatherland Liberation War clearly showed that something miraculous can be created when a people, though simple and ordinary, turn out in defiance of death to defend what belong to them.

Although they defended the dignity and honour, the territory and sovereignty of their country at the cost of their blood, our war veterans have continued to work selflessly, steadfastly, honestly and devotedly for their country throughout their lives, setting a model of a patriotic life for posterity. Herein lie the true features of a human being, ennobling traits, which can be found only in them.


Our priceless socialist system and our great state of today, which is growing stronger, are unthinkable separated from the imperishable feats of the veterans of the Fatherland Liberation War, both sung and unsung, and the pure devoted service of the victorious wartime generation.

Indeed, the war veterans are the most heroic generation that laid an unbreakable foundation of our Republic in the face of upheavals of history, and they are models of the great, unyielding Korean people.

The loyalty, bravery and patriotism you have demonstrated throughout your life are now pulsating in the hearts of the tens of millions of













people. Because our revolution has the great and excellent features created in the flames of the grim war in the 1950s as its genetic quality, it is indomitably carving out its cause by its own efforts down through generations without any setback or retreat in the face of difficulties.

Comrades,

For us, the V-day is not merely a celebration day of commemorating and looking back to the chapter of resistance in the heroic era.

The day serves as a valuable and significant occasion for us to judge whether we can proudly say before the embodiment and witnesses of history, who brought about the greatest victory in the harshest and grimmest annals, that our current struggle is an inheritance of the great tradition and to renew confidence and courage, passion and mettle.

We are now entrusted with the heavy historic duty of exalting to the height of the current times the brilliance of the glory and honour which the victorious wartime generation achieved 70 years ago and of ensuring that they are stoutly inherited to the next generation.

Just as the victorious wartime generation did, so should we exert ourselves without let-up for the next generation.

To further consolidate the nation's defence capability on the strength of the heroic spirit displayed during the war is a fundamental guarantee for defending the national interests of the Republic and its independent development.

Our revolution has been in sharp confrontation with the United States which has bluntly resorted to nuclear threat against us since the Fatherland Liberation War. This historical environment demanded that we, above all else, raise our state's self-defence capability onto a due level, and we have realized this pressing historic task through an arduous struggle.

Our Republic has firmly safeguarded socialism and built up formidable self-defensive strategic potentials in the fierce confrontation with the United States, which spanned nearly 70 years after the war. This is a victory which is no inferior to, even greater than, the victory in the Fatherland Liberation War.

However, we cannot rest content with this.

The United States which did our nation the gravest harm in its modern history still perseveres with dangerous hostile acts against our Republic.

While instigating the south Korean authorities to suicidal anti-DPRK confrontation on the pretext of solidifying "alliance," the United States, in pursuit of military confrontation with us, persists in spreading groundless rumours of "threat" from us.

It is the US's habitual method of executing its policy to fabricate such rumours and spread them so as to make them sound authentic before using them as a justification for bringing pressure to bear upon us.

As they always did, the US imperialists have recently spread rumours against the DPRK in the international arena assiduously, describing our state as the "main culprit" in damaging the stability of the regional situation and as a "dangerous state."

The United States, while describing all the usual actions of our armed forces as "provocations" and "threats," is openly waging large-scale joint war games, which gravely threaten the security of our state. Such a double-dealing behaviour is just that of a gangster, and this is driving the DPRK-US relations to a limiting point, a point of fierce collision, which cannot be reversed any further.

The US imperialists are obsessed with making a "devil" of our state by manipulating the international understanding and opinion of it. This is nothing but a stereotyped method of camouflaging their aggressive nature as a world peace breaker and justifying their illegal hostile policy.

I have already made it clear that we should be ready both for talks and confrontation and more fully for confrontation in particular in order to reliably guarantee the security of our state.

The arrogant nature of the US imperialists has remained unchanged as ever.

We must confront the US imperialists to the end on the strength of ideology and arms.

I reaffirm that the Democratic People's Republic of Korea is thoroughly prepared to cope with any kind of military clashes with the United States.

If the United States continuously attempts to impair the image of our state and make a serious infringement of our security and fundamental interests, it will only compel itself to put up with greater uneasiness and crises.

The government of our Republic would like to take this opportunity to send a serious warning to the south Korean conservative regime and its hawks that run amuck, indulged in abnormal excessive covetousness and confidence in strength, and stand in the van of implementing the US's hostile policy towards the DPRK.

Even tonight, nay, at this moment, when the fireworks light up the nocturnal sky in celebration of the V-day, the hideous warmongers and rogues on the land south of the 250km-long front line, in a high fever of military craziness, are resorting to various military manoeuvrings, which are threatening our state.

The south Korean conservative regime which took office this year is resorting to the extremely atrocious confrontation policies towards their fellow countrymen and acts of worshipping big countries and selling the country. These policies and acts surpass those of any of the previous conservative regimes and driving the situation on the Korean peninsula into the brink of war.

The new south Korean regime has designated our government and army as their "archenemy" and, obsessed with useless fear that they must prepare themselves to confront their fellow countrymen, are raising the pitch of their malicious voices and resorting to all sorts of evil and inappropriate acts.

They are brazen-faced enough to advocate "peace based on strength" and "security based on strength," and have put up a bold front, claiming that they would not hesitate in launching a "preemptive strike" to neutralize the war deterrent of our state.

At this very moment, south Korea is growing more frantic to develop weapons and strengthen its defence industry in a bid to recover, even a little, its military inferiority as compared with ours, and it is planning to bring in nuclear strategic weapons of the United States in large numbers and expanding war drills under various pretexts.

However, we should see that the more frequent vainglorious remarks and various hues of shameful conducts recently made by the south Korean authorities with regard to their security come from their inevitable sense of uneasiness that they have to live under the very nose of a nuclear state.

This and that vainglorious remark by the south Korean authorities may be understood as reliable and steel-strong security and advanced military strength to the relief of their people, but to me, they are seen only as being so frightened and at their wits' end.

Having established the concept of what they call the "three military systems of the south Korean style," the south Korean authorities are making frantic efforts to promote their core fighting capacity. But south Korea cannot help but accept their military inferiority to us as their fate and it can never retrieve the inferiority at any time.

It is unreasonable and very dangerous self-destructive action to talk about military actions against our state which possesses absolute weapons that they are actually most fearful of.

If the south Korean regime and military ruffians think about confronting us militarily and that they can neutralize or destroy some parts of our military forces preemptively by resorting to some special military means and methods, they are grossly mistaken!

Such a dangerous attempt will be punished at once by a powerful force and Yoon Suk Yeol regime and its army will be annihilated.

The conservative regime of south Korea must admit before too late that it has already gone too far from its beginning, and that it should think seriously upon the actions that may invite danger to itself.

We correctly remember what Yoon Suk Yeol said and did on several occasions before and after taking office.

We have also listened to the recent imprudent remarks made by the military ruffians of south Korea, and are watching all the noteworthy military actions they conduct with the United States.

We can no longer sit around seeing Yoon Suk Yeol and his military gangsters' misdemeanours and blind bravery.

If they continue to commit the acts of today like aggravating military tension by carrying on picking a quarrel with our exercising of the right to self-defence and threatening our security by invoking the robber's logic, they will pay dearly for it.

If they are to get rid of the stigmas as a president on a chopping board and a regime exposed to the gravest peril, they should be more prudent and use their brains more than their mouths. And they are well advised to refrain from finding fault with us now and then; or not to deal with us at all may be a better way for them.

Comrades,

Our armed forces are now fully prepared to cope with any sort of crisis, and our state's nuclear war deterrent is also fully ready to demonstrate its absolute power accurately and promptly true to its mission.

I affirm that the safety of this land and the system and sovereignty of this country you, war veterans, defended at the cost of your blood are thoroughly guaranteed by more powerful self-defence capabilities and stout spirit.

We will grow stronger.

The government of our Republic will safeguard our state, people and sovereignty by dint of ever-growing, out-and-out military capabilities and a resolute anti-imperialist and anti-US spirit and approach to the south and the enemy.

The situation of our revolution, in which we should overpower and crush more thoroughly the enemy's desperate manoeuvres for arms race and dangerous military attempts, demands a more rapid change in our military capabilities. In order to carry out this responsible historic task, our Party Central Committee has recently decided on the tasks related to the strategy for developing the national self-defence capabilities, and is leading the effort for their accurate implementation.

War is a merciless conflict between forces. Its victory, however, always is in store for the side that is possessed of fervent love and strong faith. This truth can never be changed even in today's warfare, in which state-of-the-art military techniques are mobilized in full force.

Our People's Army will keep channelling its main efforts into fully displaying its political and ideological superiority, the source of its mightiness and invincibility. By doing so, it will grow into the world's strongest army that demonstrates its formidable striking power with a steadfast revolutionary spirit, unparalleled bravery and indefatigable fighting spirit.

As the victorious wartime generation did, so should all the people associate all their personal joys and sorrows with the destiny of the country, brave all hardships in the way of advance with the spirit of devoting sincerity on the patriotic road and strive for socialist construction with unyielding will.

When we achieve innovative successes at our posts and workplaces with thoroughgoing class consciousness, always mindful of the fact that the anti-imperialist class struggle is a struggle for defending not only our destiny but also our country, this will accelerate our creation and construction and deal heavier blows at the hostile forces.

Those who have to inherit the heroic spirit of the victorious wartime generation splendidly and adorn the future of the country with great victory are none other than our rising generations.

Our Party and government will always give priority to preparing the millions of young people to be ardent revolutionaries and patriotic fighters who will stoutly carry forward the spiritual baton bequeathed to them by the war veterans.

Like the war veterans who demonstrated how one should be brave in the theatres of war and defend their national flag, young people should all devote their burning hearts to the sacred road of national defence; they should also glorify theirs as another new heroic era by performing miracles and labour feats with youthful passion and mass heroism on all fronts of socialist construction.

The lecturers and officials across the country in the sector of administration of revolutionary relics associated with the victorious war must fulfil their responsibility and duties as powerful disseminators and educators in deeply implanting the outstanding exploits of Comrade Kim Il Sung and our Party that led the war to victory and the heroic fighting spirit of the defenders of the country in the 1950s in all the people, service personnel and rising generations.

Comrades,

Although time passes and rivers and mountains change, one generation is replaced by another, forming a single living organism with inexhaustible vitality connected with the heroic fighting spirit – this is the source of indomitable strength peculiar to our state and our people.

Our Republic that invariably carries forward the history and tradition of the great victory in the war will be ever-victorious.

The exploits of the war veterans, who saved our state and nation and defended their future in the grimmest years, will remain forever along with our Republic that will be ever prosperous.

Esteemed comrade war veterans,

By carrying forward the souls and spirit of the heroic wartime generation and struggling more powerfully and bravely, we will build without fail a powerful and prosperous socialist paradise on this land which you defended.

I say once again: Even if you do nothing more than remain healthy, that will be a great encouragement to us.

Asking you once again to be careful with your health, I sincerely wish every one of you a long life.

Comrades,

Long live our great July 27!

Long live the Democratic People's Republic of Korea, our glorious motherland!

## तराईमा...

भारतीय एसएसबी फौज ल्याएको छ । यो नेपाल भारत १९५० को सन्धिको खुला उल्लंघन हो । यसको ३,०१,७५० जनशक्ति छ । सिमानाको २.२ किमिमा अस्थायी र ६ किमिमा स्थायी पोस्ट खडा गरेर ७५ हजारभन्दा बढी भारतीय सेना परिचालित गरी नेपाललाई घेराबन्दीमा राखेको छ । यो फौजले २००८ को मार्चसम्म ४५० सीमा चौकी खडा गरी ४० बटालियन थपेर नेपालको सिमानामा राख्ने निर्णय गरिसकेको छ । यस फौजले नेपालमा अस्थिरता पैदा गर्ने, मुख्यतः नेपालको तराईमा हत्या, आतंक, अपहरण, बलात्कार, डकैती, फिरौती सञ्चालन गर्न भारतीय चोर, डाँका, हत्यारा, हतियार माफियालाई नेपालको तराईमा सहज उपस्थित गराएर आतंक सिर्जना गरिरहेको छ । सीमा अतिक्रमण तथा सिमानामा बाँध बनाउनसमेत पहल गर्दै आएको छ ।

**तेस्रो, खुला सिमाना, आप्रवासन र नागरिकता समस्या**

नेपालमा प्रतिवर्ष २ लाखभन्दा बढी श्रमशक्ति तेस्रो मुलुकहरूमा पलायन भइरहेको छ । नेपालसँग सीमा जोडिएको अत्यधिक जनसंख्या भएको प्रान्तहरू उत्तरप्रदेश, बिहार, पश्चिमबंगालबाट १२.५ प्रतिसेकेन्डमा एक व्यक्ति खुला सिमानाबाट नेपाल पस्ने गरेको र प्रतिवर्ष लाखको अनुपातमा नेपालमै बसोबास गर्ने गरेको तथ्यांक छ । बिहार, उत्तरप्रदेशबाट कंकालीकरण भएको सात करोड मानिसको जीवननिर्वाहको थलो बनेको नेपालको तराईमा बिक्री वितरण भएको खुला नागरिकता अभियानले नेपालको राष्ट्रिय सार्वभौमिकतामा गम्भीर असर पुर्‍याएको छ । २००७ सालदेखि विदेशी मुख्यतः भारतीयहरूलाई खुला गरेको नागरिकता वितरण गर्ने सिलसिला अद्यावधि भएकाले तराई फिजीकरण भएको अनुभूत गर्न सकिन्छ । त्यहाँ नेपालका कोचे, मेचे, सतार, पासवान, हलखोर, सूढी, कलवार, हलुवाई, भेडियार, नुनिया, धानुक, खत्वे, राजपूत, धिमाल, कहार, महतो, यादव, साह, तेली, वातार, भूमिहार, तत्मा, मुसलमान, थारु, दराई, माझी बोटे, कुमाल, दनुवार, माहुत, मुसहर, डोम, चमार, राजवंशी, चिडिमार, हायु, दूरा आदि नेपालका वास्तविक आदिवासीहरू अल्पमतमा परेका छन् । उनीहरू नै नेपालका मूल बासिन्दा हुन् । जो तराई टुक्र्याउन चाहँदैनन् । त्यहाँको जल, जमिन र जंगल मुख्यतः प्राकृतिक स्रोत र उद्योगधन्दा उनीहरूको हातमा रहेन । तराईको प्राकृतिक स्रोत र उद्योगधन्दाहरू आप्रवासीहरू मुख्यतः भारतीयहरूको हातमा गएको छ । उनीहरू नै राजनीतिक पार्टीको उच्च ओहोदामा पुगे । आफ्नो वर्चस्व भएको क्षेत्रीय पार्टीहरू बनाए । अहिले तराई टुक्र्याउने विशेष योजना भारतले उनीहरूलाई बनाइदिएको छ । समग्र मधेस एक प्रदेशको नारा यही योजनालाई मूर्त रूप दिन अगाडि सारिएको छ । नेपालको राष्ट्रिय आत्मसमर्पणवादी, राष्ट्रवादी तत्वहरू र तराईका नेताहरूलाई खरिद गरेको छ । उनीहरूका लागि भारतीय राजदूतावासले ठूला रकम खर्च गरेको छ । त्यसको एउटा हिस्सा भारतबाट नेपाल आएर नेपाली नागरिकता प्राप्त गरी तराईमा जल, जमिन, जंगल कब्जा गरेर बसेका हिस्सालाई लिएर अहिले तराईलाई स्वतन्त्र गर्ने अभियान भारतको संयोजनमा तदारुकताका साथ अगाडि बढेको छ । यसमा भारतले २० अरब रूपैयाँ छुट्याएको छ । एउटा हिस्सा भारत विरोधी जनमतलाई निस्तेज पार्न कथित शिक्षा, स्वास्थ्य, खानेपानी र सामाजिक क्षेत्रमा खर्च गर्ने, अर्को ठूलो हिस्सा तराई टुक्र्याउने उद्योगमा लागेका विभिन्न योजनाकारहरूलाई दिने गरेको छ । यसमा तराईका शान्तिपूर्ण आन्दोलनको नाममा रक्षाबाहिनी गठन गर्ने सम्म र कथित सशस्त्र आन्दोलन गरिरहेका तत्वहरूलाई संयोजन गर्ने काम भारतले गरिरहेको छ ।

गत २०६४ साल वैशाख २८ गते पटनामा तराई टुक्र्याउने खेलमा लाग्नेहरूको बैठक बसेको थियो । त्यसको संयोजनको लागि भारतीय शासकहरूको प्रत्यक्ष सहभागिता थियो र २०६४ असोजको तेस्रो साता फेरि पटनामै बैठक बस्यो र त्यो शान्तिपूर्ण र सशस्त्र संघर्ष गरिरहेकालाई सयोजन गर्ने तर अलग अलग ढंगले आन्दोलन गर्ने निर्णय गरियो । त्यस बैठकमा भारतीय विदेश मन्त्रालयको सहसचिव प्रीतिशरण लगायत 'रअ' का प्रमुख व्यक्तिहरू समेत सहभागी थिए ।

**चौथो, भारतीय नदी जडान योजना**

यो योजना महत्वपूर्ण अंगको रूपमा रहेको छ । नेपालका सबै नदीहरू भारतको सुदूर दक्षिण पैवाकाबेरीतिर लागेपछि अहिले भारतको उत्तरमा ६.५ करोड हेक्टर सिंचित जमिन प्रभावित हुन्छ । २०५० सम्म भारतलाई खाद्यान्न आपूर्ति गर्न ४५ करोड मे.ट. अन्न उत्पादन गर्नुपर्ने हुन्छ । त्यसका लागि भारतले १२,५०० माइल लामो नहर बनाई १६ करोड हेक्टर सिंचाइ गर्नुपर्छ । त्यसो गर्दा बिहार र उत्तर प्रदेशको सिंचित जमिनलाई नेपालको सिमाना भारतले हिमाल, पहाड र चुरेमा वर्षामा पर्ने पानी जमाएर आपूर्ति गर्न चाहन्छ । त्यसका लागि नेपालको तराई क्षेत्रमा बाँध प्रणाली विकास गरी जलाशय बनाउने योजना बनाएकोमा अहिले आफ्नै क्षेत्रमा १८०० किमि लामो सडक प्रणाली विकास गरी तराईलाई जलाशय बनाउने योजना अघि सारेको छ । ८ फिट अग्लो सडक बनाउने भने पनि १५ ।२० मिटर अग्लो बन्न सक्छ । त्यसले नेपालको सिंगो तराई डुबान क्षेत्रमा परिणत हुन्छ ।

**पाचौं, सिमानामा फौजी उपस्थिति**

भारत र बंगलादेशको सीमा ४१०० किमि लामो छ । यो संसारको सबैभन्दा तनावगस्त सिमानामा पर्छ । त्यहाँ ५० बटालियन फौज छ । भारत र पाकिस्तानको तनावपूर्ण सीमा ४७० किमि छ । त्यहाँ १०,००० फौज छ । तर नेपाल भारत तराईको क्षेत्रमा १ हजार ३ सय ५२ किमि लामो सिमाना छ । जहाँ ७५ हजारभन्दा बढी फौज तैनाथ गरेको छ । नेपालले आफ्नो सिमानमा ५ हजार प्रहरी पनि राखेको छैन । कालापानी क्षेत्रमा ५ वटा सैनिक क्याम्प छुट्टै राखेको छ । सिक्किम र उत्तराञ्चलमा अलग्गै सेना परिचालन गरेको छ । यसले गर्दा नेपाललाई सैनिक घेराबन्दीमा भारतले राख्ने नियत राखेको छ । नेपालमा सैनिक हस्तक्षेप गर्ने पछिल्लो समयमा अशोक मेहताको अभिव्यक्तिले नेपालको राष्ट्रिय संकटलाई दर्शाउँछ ।

**छैठौं, असमान सन्धि सम्झौता अनुसार नेपालको ३० किमिसम्म भारतीय सैनिक**

२००८ सालमा मातृकाप्रसाद कोइरालाले यस्तो सन्धि गरेका हुन् । यसको प्रारम्भिक कामस्वरूप २०६१ सालमा शेरबहादुर देउवाले १० वटा जिल्लामा नेपाल भारतको संयुक्त सुरक्षा फौज परिचालन गरी माओवादीविरुद्ध प्रतिकार गर्ने सम्झौता गरेका थिए । त्यसमा पश्चिमका दार्चुला, बैतडी, डडेलधुरा, कन्चनपुर, बीचको नवलपरासी, रूपन्देही, कपिलवस्तु र पूर्वको सुनसरी, सिराहा, मोरङ छन् । राजनीतिक कूटनीतिक हस्तक्षेप भइसकेपछि सैनिक हस्तक्षेप सहज बनाउँछ । असमान सन्धि सम्झौता सन् १९५०, १९६५ को हतियारसम्बन्धी, १० जुन १९९० को संयुक्त विज्ञप्ति, सुपुर्दगी सन्धि, पारवहन सन्धि, गण्डक सन्धि खारेज गरी समानताको आधारमा नयाँ सन्धि गर्न सकिन्छ । बाँध भत्काउने, खुला सीमा बन्द गरी सरल भिसा लागू गर्नु, आप्रवासीलाई परिचयपत्र दिनु, नेपाली सीमाबाट भारतीय फौज हटाउनु तत्कालीक कदम हुन सक्छ ।

(सीमाविद् तथा वामपन्थी नेता भण्डारीको प्रस्तुत लेख २०६५ भदौको मुक्ति यात्रामा प्रकाशित भएको हो । वर्तमान अवस्थामा पनि उत्तिकै सान्दर्भिक रहेकाले हामीले प्रकाशित गरेका हौं ।

-सम्पादक

## नागरिकता विधेयक...

संयोग मात्र हुन सक्दैन । प्रचण्डले मधेसमा पुगेर आफ्नो बलमा नागरिकता विधेयक पारित गरिएको बिना लाज सगौरव घोषणा गर्नुले विधेयकले राजनीतिक नाफा लिन खोजेको प्रस्ट हुन्छ । नेपाली नेताहरू भारतीय शासक वर्गको चाकडीमा माहिर छन् । भारतको दलाल नभई चुनाव जित्न र सत्तामा पुग्न सकिँदैन भन्ने चिन्तनले घर गरेको छ । 'कुत्तो के आहार हड्डी' शीर्षकबाट नेपालका नेताहरू भारतीय दुताबासबाट मासिक रुपमा तलब खाइरहेका छन् । यिनले भारतको तावेदारी गर्नुलाई अनौठो मान्न सकिँदैन ।

भारत नेपालीलाई अल्पमतमा पारेर सिक्किमी ढाँचामा नेपाल निल्न सुरसा मुख बाएर बसेको छ । भारत सेना पठाएर होइन, आफ्ना नागरिकहरूलाई नेपाल पठाएर नेपाली बनाएर नेपाललाई नेपालाञ्चल बनाउने षड्यन्त्र गरिरहेको छ । नेपालको राजनीतिमा अस्थिरता पैदा गर्ने, आर्थिक रुपले सबल बन्न नदिने, नेपालका नदीनाला कब्जामा लिने, व्यापारघाटा बढाउने, नेपाली उत्पादनहरूलाई भारतमा बिक्री हुन नदिने, विषमिश्रित तरकारीहरू नेपालीलाई खुवाउने, आर्थिक रुपले नेपाललाई टाट पल्टाउने, अनि आफ्ना अंगीकृत नेपाली (भारतीय) मार्फत आन्दोलन गराउने, भविष्यमा संसदमा आप्रवासी भारतीयहरूको बहुमत पुर्‍याएर नेपाल भारतमा विलय गराउने भारतीय रणनीति रहेको प्रस्ट छ ।

विशेषगरी भारतीय दबाबमा अन्तरिम संविधान ०६३ संविधान जारी हुनुभन्दा अगाडि नै २०६३ मंसिर १० गते नाागरिकता ऐन ल्याइएको थियो । त्यसमा विवादास्पद र राष्ट्रहित विपरीत प्रावधानहरू थिए । उक्त ऐनको आधारमा पहिलो संस्करणको संविधानसभा निर्वाचनअघि गृह प्रशासनले नागरिकता वितरण गर्‍यो । सीमावर्ती भारतीय गाउँहरूमा बसोबास गर्ने ठूलो संख्याका भारतीय नागरिकहरूले समेत किर्ते कागजात बनाई जन्मसिद्ध नेपाली नागरिकता लिन सफल भएका थिए । विघटित श्री ५ को सरकारको समयका कागजपत्र, छाप, लोगो र कार्ड प्रयोग गरी हिजाआज पनि तराईमा व्यापक रुपमा किर्ते नागरिकता किनबेच भइरहेका छन् । भारतीय पुरुष पक्षले नेपाली कन्या पक्षसँग दाइजो (दहेज) नलिई नेपाली नागरिकताकै आधारमा मात्रै पनि नेपाली कन्या बिहे गर्ने र भारतीय पुरुषले आफ्ना सासुससुरालाई आमाबाबु बनाई किर्ते नागरिकता बनाउने व्यापक प्रचलन रहेको छ ।

०६३ सालको कानुनमा नै मतदाता सूचीको आधारमा नागरिकता दिइएकाले लाखौं भारतीयहरूले नेपाली नागरिकता लिएको प्रस्ट छ । सो ऐन अनुसार गैरनेपालीलाई नागरिकता दिन ३ जनाको सिफारिस गरी लाखौं किर्ते नागरिकता लिएको तथ्यहरू प्रमाणित भइरहेका छन् । २०३६ सालको मतदाता नामावली (जसलाई त्यतिबेलै अध्यादेशद्वारा खारेज गरिएको थियो) लाई पनि आधार बनाएर ०४६ सालपछिका एकपछि अर्को ढंगले नागरिकता दिँदै गए । ०५४ सालमा जितेन्द्र नारायणदेवले नागरिकता नामावलीकै आधारमा नागरिकता वितरण गरेपछि सर्वोच्च अदालतले त्यस्ता नागरिकतालाई खारेज गर्‍यो । तर सरकारले भने सर्वोच्चको त्यो फैसलालाई अझै कार्यान्वयन गरेको छैन । शक्तिशाली नागरिकता छानबिन उच्चस्तरीय समिति बनाएर गैरनेपालीहरूको हातमा पुगेको नेपाली नागरिकता सरकारले खोस्नुपर्नेमा गैरनागरिकले सजिलै नागरिकता पाउने गरी दायरा फराकिलो पार्दै नागरिकता विधेयक सरकारले ल्याउनु देशकै निम्ति घातक छ ।

नेपाली पुरुषसँग बिहे गरेर आउने विदेशी महिलाले चाहेमा संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता पाउने व्यवस्था संविधानको धारा ११ उपधारा ६ ले गरेको छ । नेपाली महिलासँग बिहे गरेर नेपाली नागरिकता लिन चाहने विदेशी पुरुषलाई नागरिकता दिने, नदिने भन्ने विषयमा विधेयक बोलेको छैन । डलरवादी कथित महिला, अधिकारकर्मी भनाउँदाहरू विदेशी ज्वाइँले पनि नेपाली नागरिकता पाउनुपर्छ भन्दै पेटिकोटको इँजार चुँडिने गरी चिच्याइरहेका छन् । नेपाली महिलाले विदेशीसँग बिहे गर्दा अरु देशको नागरिकता लिने बेला कति झन्झट व्यहोर्नुपर्छ र अपमानित हुनुपर्छ भन्ने उनीहरूले हेक्का राख्नु जरुरी छ । विदेशमा नागरिकताका लागि दुःख पाइरहेका नेपाली चेलीहरूका लागि आवाज उठाउनुपर्नेमा विदेशी ज्वाइँका लागि आवाज उठाउनु महिला अधिकारकर्मीहरूको कस्तो नियत हो ? अधिकारकर्मी भनिएकाहरूले लैंगिक समानताका नाममा विदेशीलाई नेपाली नागरिकता दिलाउन न्वारनदेखिको बल लगाउनु नेपालीको आवरणमा विदेशीहरूको आवाज गुन्जिनु हो । नेपाललाई विदेशीको क्रीडास्थल बनाउन खोज्नु हो ।

नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलाले माइती देशको नागरिकता नत्यागी तत्काल अंगीकृत नेपाली नागरिकता पाउने छिन् । अर्थात् एकैचोटि दुई देशको नागरिक बन्ने सुविधा पाउँछिन् । भारतीय संविधानले भारतीय नागरिकसँग विवाह गर्ने विदेशी चेलीले सात वर्ष पछि मात्र नागरिकताका निम्ति निवेदन गर्ने अधिकार पाउँछिन् । तर नागरिकता पाउने ग्यारेन्टी हुँदैन । विदेशी पुरुषसँग विवाह गरेकी नेपाली महिलाबाट जन्मेका सन्तान जहाा जन्मिएको भए पनि नेपाली नागरिक हुन सक्ने थप व्यवस्थाले नेपालीहरू नै विस्तारै अल्पमतमा पर्न सक्ने खतरा बढेको छ ।

किर्ते नागरिकता र सर्वोच्च अदालतले खारेज गरेका नागरिकताका प्रमाणपत्रहरू अद्यावधिक चलनचल्तीमै रहेका छन् । लाखौं भारतीयहरूले नेपाली नागरिकता प्राप्त गरिसकेको अवस्था छ । जब निर्वाचन आउँछ त्यसको पूर्वसन्ध्यामा नागरिकता वितरण गर्ने गरिएको छ । हालसम्म झन्डै ४५ लाख भारतीयले नेपाली नागरिकता लिइसकेको अनुमान गरिएको छ । मधेस आन्दोलनताका भारतीय गृहमन्त्री राजनाथ सिंहले मधेसमा १ करोड भारतीयहरू रहेको र तिनको सुरक्षाको वकालत गरेका थिए । खुला सिमाना, सन् १९५० को शान्ति तथा मैत्री सन्धि, सीमापारका सामाजिक तथा वैवाहिक सम्बन्ध, भ्रष्ट र घूसखोरी प्रशासन, भारत सरकारको नेपाली नागरिकता हत्याउने विदेश नीति र योजनाका कारण व्यापक रुपमा भारतीय नागरिकहरूले नेपाली नागरिकता प्राप्त गरिसकेका छन् । यो विधेयक यदि ऐन बने थप लाखौं भारतीयहरूले नागरिकता लिने बाटो खुल्नेछ । भारतको जनसंख्या एक अर्ब ३५ करोड पुगिसकेको छ । नेपालको जनसंख्या तीन करोडको हाराहारीमा छ । भारत नेपालभन्दा भूगोलमा २२ गुणा ठूलो छ । यति धेरै क्षेत्रफल र जनसंख्या भएको मुलुक भारतबाट खुला सीमाका कारण भारतीयहरू नेपालमा आइरहेका छन् रोजगारीका निम्ति र व्यवसायका निम्ति । नेपाल, भारत खुला सिमानालाई नियमत गर्ने व्यवस्था यदि नगर्ने हो भने नेपालभित्रै नेपालीहरू अल्पमतमा पर्न सक्नेछन् फिजीको जस्तो । नेपाल र भारतका प्रबुद्ध समूहले तयार गरेको प्रतिवेदनमा सीमा नियमनको व्यवस्था गर्ने विषय समेटिएकै कारण भारतीय पक्षले प्रतिवेदन नबुझेको स्पष्ट छ ।

## बढ्दो...

आयातमा बढेको प्रतिवेदनमा उल्लेख छ। राष्ट्र बैंकका अनुसार आव २०७८/०७९ कुल वस्तु व्यापारघाटा २३ प्रतिशतले वृद्धि भई १७ खर्ब २० अर्ब ४२ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो घाटा २७ दशमलव तीन प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा निर्यात-आयात अनुपात १० दशमलव चार प्रतिशत पुगेको छ। अघिल्लो वर्ष यस्तो अनुपात नौ दशमलव दुई प्रतिशत थियो। समीक्षा वर्षमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी दुई खर्ब १३ अर्ब ५३ करोडबराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्ष यस्तो आयात एक खर्ब ९० अर्ब ५४ करोडबराबरको भएको थियो।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७८ असार मसान्तमा १२ खर्ब ४४ अर्ब ६३ करोड रहेकोमा २०७९ असार मसान्तमा १५ दशमलव एक प्रतिशतले कमी आई १० खर्ब ५६ अर्ब ३९ करोड कायम भएको छ। बैंक तथा वित्तीय संस्था अर्थात् नेपाल राष्ट्र बैंकबाहेकका संस्थाहरूसँग रहेको विदेशी विनिमय सञ्चिति २०७८ असार मसान्तमा एक खर्ब ५४ अर्ब ३९ करोड रहेकोमा २०७९ असार मसान्तमा तीन दशमलव प्रतिशतले वृद्धि भई एक खर्ब ५९ अर्ब ४१ करोड पुगेको छ।

राष्ट्र बैंकका अनुसार २०७९ असार मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३ दशमलव छ प्रतिशत छ। आर्थिक वर्ष २०७८/०७९ को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति सात महिना आठ दिनको वस्तु आयात र छ महिना नौ दिनको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकको भनाइ छ।

खुद सेवा आय घाटामा देखिएको छ। नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०७८/०७९ मा खुद सेवा आय एक खर्ब आठ अर्ब १२ करोडले घाटामा देखिएको हो। अघिल्लो वर्ष खुद सेवा आय ७२ अर्ब ८५ करोडले घाटामा थियो।

आर्थिक वर्ष २०७८/०७९ मा वैदेशिक रोजगारीबाट प्राप्त आय रेमिट्यान्स रकम चार दशमलव आठ प्रतिशतले बढेको छ। नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी १२ महिनाको प्रतिवेदनअनुसार आव २०७८/०७९ रेमिट्यान्स रकम चार दशमलव आठ प्रतिशतले बढेर १० खर्ब सात अर्ब ३१ करोड पुगेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलरमा अघिल्लो वर्ष दुई अर्ब ८४ करोडले घाटामा रहेको चालू खाता समीक्षा वर्षमा पाँच अर्ब १७ करोडले घाटामा छ। समीक्षा वर्षमा पुँजीगत ट्रान्सफर ३४ दशमलव पाँच प्रतिशतले कमी आई नौ अर्ब ९९ करोड पुगेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी चार दशमलव नौ प्रतिशतले कमी आई १८ अर्ब ५६ करोड कायम भएको छ।

## इस्टिम ब्रान्ड...


अमेरिकी पानी प्रशोधन प्रविधि रिभर्स ओस्मोसिसबाट पानी प्रशोधन गर्ने सिमान्त आरोह राखी फिल्टरेसन क्षमताभन्दा बढी पानी सो कम्पनीले बजारमा पुर्‍याइरहे तापनि विभागमा अधिकारीहरूले पटकैपिच्छे २ लाखका दरले रकम असुली पानीको गुणस्तर प्रमाणीकरण गरिरहेका छन् ।

प्रशोधनपश्चात् पोलिथिनको कालोट्यांकीमा ३० हजार लिटर पानी थन्क्याएर तिनै कालाट्यांकीको पानीभकारीबाट पानी जारमा भरी बजार पुर्‍याउँदा खाद्य तथा पेय अनुगमन गर्ने सरकारी कर्मचारीको आँखामाथि कालोबादल लाग्ने गरेको छ ।

कालोट्यांकीभित्र राखेर पानी बेच्न नपाउने नियमलाई लत्याउँदै खाद्यका अधिकारीहरू स्याम्पल उठाएर १५ दिनपछि नजराना उठाउने प्रवृत्तिले पानीमा टिडिएस (टोटल डिजल्भ सोलिट) समेत निर्धारित मात्रामा भएको हुँदैन । इस्टिम पानीको जाँचमा टर्भिडिटीमा समेत मापदण्ड नपुगेको खाद्य अनुसन्धान अधिकृतको प्रारम्भिक रिपोर्टलाई डिजीले परिवर्तन गर्न लगाई लाभ लिएको खाद्य अनुसन्धान विभागको सूत्रको दाबी छ ।

## सन् २०१२...

वैज्ञानिकहरू सचेत भइसकेका रहेछन् भने अहिले कोइलाको अतिरिक्त डिजेल, पेट्रोल, ग्यास, मट्टीतेल आदि दोहन भइरहेको छ भने अब पृथ्वीको के दशा होला सोचनीय छ । अब नवीकरणीय उर्जाद्वारा दाउरा, कोइला र पेट्रोलजन्य पदार्थको दोहन नरोक्ने हो भने हाम्रो पृथ्वी पनि अरु ग्रहजस्तै प्राणीशून्य हुने दिन नआउला भन्न सकिन्न ।


The Rodney & Otamatea Times
WAITEMATA & KAIPARA GAZETTE.
PRICE—10s per annum in advance
WARKWORTH, WEDNESDAY, AUGUST 14, 1912.
3d. per Copy.

Science Notes and News.

COAL CONSUMPTION AFFECTING CLIMATE.

The furnaces of the world are now burning about 2,000,000,000 tons of coal a year. When this is burned, uniting with oxygen, it adds about 7,000,000,000 tons of carbon dioxide to the atmosphere yearly. This tends to make the air a more effective blanket for the earth and to raise its temperature. The effect may be considerable in a few centuries.

## वामदेव...

गौतम र भट्टराईको आग्रहअनुसार नै पार्टीले निर्णय गरेको उनले बताए । गौतम र भट्टराई कमरेडले हाम्रो चुनाव चिह्नबाट आगामी संसदीय चुनावमा लड्ने विचार गर्नुभयो,' प्रवक्ता महराले भने, 'त्यसलाई हामी स्वागत गर्छौं । उहाँहरू र उहाँको पार्टीका अन्य सदस्यहरूलाई चुनावमा सहभागी हुन हामीले स्वीकृति गर्‍यौं ।' साथै मंगलबार नै बाबुराम र माओवादीले संयुक्त चुनाव चिह्नबाट लड्ने जानकारी दिन निर्वाचन आयोग जाने कार्यक्रम रहेको नेता हरिबोल गजुरेल बताए । गौतमको पार्टी आयोगमा दर्ता नभएकाले जानकारी गराउनुनपर्ने उनले जानकारी दिए ।

## बालेनलाई...

सेवा दिने गरी ३० वटा ट्रिपर उपलब्ध गराएको छ । यी ट्रिपर पनि विहानै फोहोर बोकेर ल्याण्डफिल साइट गएका छन् । महानगरले आफूसँग भएका १२ वटा कन्टेनरमा ट्रान्सफर स्टेशनको फोहोर उठाएको छ । यसरी आज विहान ट्रान्सफर स्टेशनबाट ६० ट्रिपर फोहोर ढुवानी भएको छ । फोहोर व्यवस्थापनका लागि अवरोध गर्ने सृङ्खलामा सहयोग गर्न आएका सहयोगीप्रति आभार प्रकट गर्दै महानगरका प्रमुख बालेन्द्र शाह (बालेन) ले, फोहोर व्यवस्थापन कार्यलाई वातावरण र जनस्वास्थ्यमैत्री बनाउने प्रयासमा जोड दिएको बताए ।

## निगमले...

निगमले पुरानो घाटा पूर्ति गर्न भन्दै मूल्य समायोजन नगरेको हो। आईओसीलाई चार महिनादेखि सम्झौताअनुसार भुक्तानी दिन नसकेको र सरकार तथा वाणिज्य बैंकबाट लिएको ऋण चुक्ता गर्नुपर्ने दायित्व रहेकाले मूल्य यथावत् राख्नुपरेको निगमले जनाएको छ। निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीका अनुसार आईओसीको नयाँ मूल्यसूचीअनुसार पनि मासिक घाटा करिब ६२ करोड रुपैयाँ छ। अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य उच्च भइरहँदा आपूर्ति सहज बनाउन निगमले सरकारसँग ५ प्रतिशत ब्याजदरमा ५ वर्षका लागि ७ अर्ब ऋण लिएको थियो। त्यस्तै, राष्ट्रिय वाणिज्य बैंकसँग ३ अर्ब ऋण लिएको छ। वाणिज्य बैंकले भने ९ प्रतिशतका दरले ३ महिनाका लागि ऋण दिएको हो।

निगमले अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेकै कारण गत वर्ष करिब ५० अर्ब नोक्सानी भएको जनाएको छ। पुरानो घाटा पूर्तिसँगै मूल्य समायोजन हुन नसक्नुको अर्को कारण सरकारले कर समायोजन नगरिदिनु हो। अर्थ मन्त्रालयले पूर्वाधार कर शीर्षकबाट जेठको शोधभर्ना दिए पनि असारको दिएको छैन। जेठमा १० दिन बराबरको करिब ५९ करोड शोधभर्ना थियो। असारमा १ अर्ब ९३ करोड रुपैयाँ थियो। निगमले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत अर्थमा प्रस्ताव गरे पनि उक्त रकम पाएको छैन।

## बिपन्नलाई...

प्रदान गरेको छ । फाउन्डेसनले बागमती किनारमा बस्ने भूमिहीन अभिभावकका सो विद्यालयका बालबालिकालाई सहयोग सामग्री प्रदान गरेको हो । फाउन्डेसनका अध्यक्ष सुरेन्द्र ढकाल र कोषाध्यक्ष शैलिनी ढकालले सो विद्यालयको सहयोगार्थ संयुक्त रुपमा एक लाख बराबरको चेक हस्तान्तरण गरेका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामलाल तण्डुकारलाई सो रकम बराबरको चेक हस्तान्तरण गरिएको हो । वितरण कार्यक्रममा बालबालिकाका अभिभावक, समितिका सदस्य, विद्यालयका शिक्षक तथा स्थानीय सामाजिक अगुवाहरूको उपस्थिति रहेको थियो । सो कार्यक्रममा सिद्धि महर्जनले फाउन्डेसनका उद्देश्य र गतिविधिहरू प्रकाश पारेका थिए । यसअघि विद्यालयका प्रधानाध्यापक पुरुषोत्तम नेपालले स्वागत मन्तव्य राखेका थिए । फाउन्डेसनका अध्यक्ष ढकालले कोषको प्रभावकारी व्यवस्थापनका लागि विद्यालयलाई धन्यवाद दिए ।

## ढकाल...

यस्तै, दोस्रो हुनेलाई २५ हजार, तेस्रोलाई १५ हजार र सान्त्वनालाई १० हजार नगद वितरण गरिएको थियो । नगद पुरस्कार वितरणपश्चात अध्यक्ष ढकालले छोटो बधाई तथा शुभकामना मन्तव्य दिएका थिए । अल नेपाल क्यारम एसोसिएसनको आयोजनमा साउन १३ र १४ गते काठमाडौंमा सम्पन्न भएको प्रतियोगितामा देशभरका एक सय प्रतियोगीहरूको सहभागिता भएको संस्थाका अध्यक्ष विनिता अर्यालले बताइन् । करिब १८ लाखको लागतमा सम्पन्न प्रतियोगिता सुरेन्द्र ढकाल फाउन्डेसनले एक लाख र उपसेनानी सौभाग्य देउजा स्मृति प्रतिष्ठानले ५० हजार बराबरको टी-सर्ट सहयोग गरेको र अन्य रकम आन्तरिक ढंगबाट व्यवस्थापन गरिएको संस्थाका प्रेस संयोजक ईश्वर अर्यालले बताए । संस्थाले आगामी अक्टोवरमा मलेसियामा हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको तर्फबाट सहभागि हुने तयारी गर्दै गरेको समेत जानकारी गराएको छ । खेलकुदको रुपमा ग्रहण नगरिएको क्यारमलाई संस्थागत गर्दै नेपालसहित विश्वमा पहिचान गराउने र लुकेका प्रतिभाहरूको उजागर गर्ने अभिप्रायले संस्थाको सुरु भएको अध्यक्ष अर्यालले बताईन् । संस्थालाई आगामी दिनमा देशका सबै जिल्ला र प्रदेश स्तरसम्म गठन र पुनर्गठन गर्ने पनि अध्यक्ष अर्यालले बताए ।

## नेपालको...

भएको छ । प्रमुख अतिथि पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र विशिष्ट अतिथि पूर्वप्रधानमन्त्री लोकेन्दबहादुर चन्द रहनुभएको कार्यक्रममा पूर्वसचिव तथा लोकसेवा आयोगका सदस्य माधव बेलवासे, वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारी र एसियाली विकास बैंकका पूर्वउपाध्यक्ष डा. विन्दुनाथ लोहनीले पुस्तकबारे विवेचना गर्नुभएको थियो । लोकार्पण गरिएको चक्रव्यूह पुस्तक १२३२ पृष्ठको छ । यसको मूल्य रू. २५०० रहेको छ । कार्यक्रममा ग्रेटर नेपाल साप्ताहिक पत्रिकाका सम्पादक/प्रकाशक सुरेन्द्र ढकाल आमन्त्रित हुनुहुन्थ्यो । सिमल पब्लिकेसन्सका अध्यक्ष तथा प्रकाशक कमल ढकालले स्वागत गर्नुभएको कार्यक्रममा पूर्वजलस्रोत मन्त्री पशुपतिशमशेर जबरा, पूर्व मन्त्री दिपकुमार उपाध्याय, सांसद प्रेम सुवालको उपस्थिति थियो ।

## पद्मोदयलाई...

विद्यालयका रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको विद्यालयलाई फाउन्डेसनले इबोर्ड प्रदान गरेको हो । २ लाख ६० हजार मूल्य पर्ने सो इबोर्ड फाउन्डेसनका अध्यक्ष सुरेन्द्र ढकालले विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद गौतमलाई प्रदान गरेका हुन् । ढकालले आर्थिक अवस्था कमजोर भएका काठमाडौं उपत्यकामा बसोबास गर्ने बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने उत्कृष्ट विद्यालयमध्ये एक साबित भएको बताए । अध्यक्ष ढकालले सन् १९७४ मा एसएलसी परीक्षा उत्तीर्ण गरेको आफ्नै विद्यालयलाई इबोर्ड प्रदान गर्न पाएकोमा खुसी व्यक्त गरे । यस्तै फाउन्डेसनका सचिव किरण थापाले सामुदायिक विद्यालयलाई सहयोग गर्ने उद्देश्य र गतिविधिबारे प्रकाश पारेका थिए ।

